वर्ष : १३, अंक : १५, काठमाडौं, २०७४ साउन ६ गते शुक्रबार 21 July 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

## निर्वाचनको कार्यतालिका सार्वजनिक



काठमाडौं । निर्वाचन आयोगले असोज २ गते हुने प्रदेश नम्बर दुईको स्थानीय तह निर्वाचनको कार्यतालिका सार्वजनिक गरेको छ। आयोगले विहीबार एक विज्ञप्ति जारी गर्दै तेस्रो चरणको निर्वाचनको कार्यतालिका सार्वजनिक गरेको जनाएको छ। कार्यतालिका अनुसार दुई नम्बर प्रदेशका आठ जिल्लाका १२७ स्थानीय तहको निर्वाचनका लागि भदौ २१ गते उम्मेदवार मनोनयन पत्र दर्ता गर्ने कार्यक्रम छ भने सोही दिन साँझ साढे पाँच बजे मनोनयन दर्ता भएका उम्मेदवारको सूची प्रकाशन गरिनेछ। यस्तै भदौ २२ गते उम्मेदवारको विरोधमा उजुरी दिने र भदौ २३ गते मनोनयन भएका उम्मेदवारहरुको नामावली प्रकाशन गर्ने आयोगको कार्यतालिकामा उल्लेख छ। यस्तै भदौ २४ गते उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशित हुने छ भने सोही दिन विहान ११ बजे उम्मेदवारहरुलाई चुनाव चिन्ह प्रदान गरिने छ। असोज २ गते विहान ७ बजे देखि बेलुका ५ बजेसम्म मतदान कार्य हुने आयोगद्वारा विज्ञप्तिमा उल्लेख छ।

## कोविन्द भारतका १४औं राष्ट्रपति



छिमेकी मित्रराष्ट्र भारतका १४औं राष्ट्रपति रामनाथ कोविन्द।

विस्तृत समाचार पृष्ठ ७ मा

# पहाडमा लगानी, मधेशलाई बदनामी

## आइएनजीओहरूको चासो मधेशभन्दा पहाडमा बढी

मधेशवाणी डेस्क

काठमाडौं। हालै एक राष्ट्रिय स्तरको पत्रिकामा मधेशका २२ जिल्लाहरूमा एक वर्षमा मात्रै २३ अर्बभन्दा बढी रकम अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजोओ) मार्फत खर्च गरिएको समाचार प्रकाशित भएको छ। समाचारअनुसार ती जिल्लाहरूमा आर्थिक वर्ष २०७३/७४ मा सात सय ४५ वटा परियोजनामार्फत २३ अर्बभन्दा बढी रकम खर्च गरिएको हो। उक्त रकम ७३ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरूले झापादेखि कञ्चनपुरसम्मका २२ जिल्लामा खर्चिएको हो।

तर मधेशबाहेकका स्थानहरूमा ती वा अन्य आइएनजीओहरूले खर्च गरेको तथ्याङ्क कसैले समेटेको छैन। यद्यपी माथि प्रकाशित समाचारमा पनि त्यस बारे केही खुलाइएको छैन। निश्चय पनि मधेशका जिल्लामा खर्च गरिएको रकमको सदुपयोग कति भयो र त्यसबाट परेको प्रभाव बारे पनि समाचार मौन छ।

**नेपालमा विदेशी लगानी**

नेपालमा राजनीतिक अस्थिरतालगायतका कारण अपेक्षाअनुसार विदेशी लगानीकर्ता आकर्षित हुन सकेका छैनन्।

सरकारले जलविद्युतका ठूला परियोजनामा लगानी गर्न प्राथमिकता दिएको छ र ती परियोजनाहरू सबै पहाडमै छ। लगानी बोर्डले पनि जलविद्युतका ठूला परियोजनालाई नै विशेष जोड दिएको छ। विगत पाँच वर्षयता ऊर्जा र यसमा आधारित उद्योगमा ७० अर्ब ३४ करोड ६६ लाख रूपैयाँ प्रत्यक्ष वैदेशिक लगानीको प्रतिबद्धता आएको तथ्यांकले देखाएको छ। राजनीतिक दलका बीचमा समेत अहिले ऊर्जामा लगानी बढाउन न्यूनतम सहमति देखिएकाले विदेशी लगानी आकर्षित भएको अनुमान छ। उद्योग विभागका अनुसार ऊर्जामा पाँच वर्षअवधिमा २४ वटा उद्योगले लगानी गर्न अनुमति पाएका छन् र ती सबै पहाड र हिमाली क्षेत्र मै केन्द्रित रहेको छ। माथिल्लो मर्स्याङदी ए, अपर कर्णाली, अरूणलगायत यसका




उदाहरण हो।

ऊर्जापछि दोस्रो धेरै विदेशी लगानी भित्रिनेमा सेवा क्षेत्र परेको छ। अस्पताल, शैक्षिक संस्था, दूरसञ्चारलगायतका क्षेत्रमा विदेशी लगानी आकर्षित भएको हो। २०६८ भदौ २८ देखि २०७२ भदौ २८ सम्मको तथ्यांकमा सेवा क्षेत्रमा मात्रै १९ अर्ब ६ करोड रूपैयाँको प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता आएको छ।

एक तथ्याङ्कअनुसार अछामको मंगलसेनमा मात्र राष्ट्र संघीय जनसंख्या

तराई–मधेशमा आइएनजिओको अर्बौं खर्च

पृष्ठ ५ मा

कोष, युरोपियन युनियन, अन्तर्राष्ट्रिय श्रम संगठन, संयुक्त राष्ट्र संघ शान्ति कोष, नर्वे, एशियाली विकास बैंक, विश्व खाद्य कार्यक्रम जस्ता गैर सरकारी संस्थाहरूले करौडौं रूपैया खर्चेका छन। ती सबै रकम स्वास्थ्य, शिक्षा, जिविकोपार्जन, कृषि, महिला सशक्तीकरण, स्थानीय विकास, वातावरण, वन जस्ता क्षेत्रमा खर्चिएको हो।

हालै प्रकाशित एक तथ्याङ्कअनुसार थुप्रै अन्तर्राष्ट्रियस्तरका गैर सरकारी निकायहरूले पहाडमा मात्रै ५ अर्ब ७४ करोड १६ लाख ५३ हजार १ सय ९ नेपाली रूपैयाँ खर्च गर्ने प्रतिवद्धता गरेकोमा ३ अर्ब ३ करोड ११ लाख ५० हजार ७४२ रूपैया खर्चेका छन।

पहाडमा अछाम, अर्घाखाँची, वाग्लुङ, बैतडी, भक्तपुर, भोजपुर, डडेलधुरा, दैलेख, दाङ, धादिङ, धनकुट्टा, डोटी, गोरखा, गुल्मी, इलाम, जाजरकोट, कास्की, काठमाडौं, काभ्रे, खोटाङ, ललितपुर, लमजुङ, म्याग्दी, नुवाकोट, ओखलढुङ्गा, पाल्पा, पाँचथर, पर्वत, प्युठान, रामेछाप, रोल्पा, रूकुम, सल्यान, स्याङ्जा, तनहुँ र तेह्रथुममा प्रत्यक्ष रूपमा वैदेशिक सहयोग प्राप्त भएको छ।

उपरोक्त सबै जिल्लाहरूमा ५१.४ प्रतिशत सहयोग आएको छ भने मधेशका जिल्लाका लागि मात्र २५.४ प्रतिशत प्राप्त भएको छ। बाँकी क्रमश: १७.४ प्रतिशत हिमाली जिल्ला र ५.९ प्रतिशत भित्री मधेशका जिल्लामा गएको छ। (हेर्नुस चार्ट)

अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले पहाडका साथै हिमालका जिल्लालाई पनि आफनो प्राथमिकताको सूचिमा राखेको पाइन्छ। ती संस्थाहरूले विभिन्न क्षेत्रमा गरी हिमालका १६ जिल्लाहरू बझाङ, बाजुरा, दार्चुला, दोलखा, डोल्पा, हुम्ला, जुम्ला, कालीकोट, मनाङ, मुगु, मुस्ताङ, रसुवा, संखुवासभा, सिन्धुपाल्चोक, सोलुखुम्बु र ताप्लेजुङमा गरी करिब १ अर्ब २ करोड, ३९ लाख, २ हजार २२२ रूपैया खर्च गरेका छन जबकी १ अर्ब ९४ करोड, ५९ लाख ३९ हजार १९८ रूपैया खर्च गर्ने प्रतिवद्धता जनाएका थिए।

त्यस अनुपातमा मधेशका जिल्लामा मात्र केही बढी २ अर्ब ४१ करोड ३८ लाख ६७ हजार ६० रूपैया खर्च गरिनु पर्नेमा १ अर्ब ४९ करोड ७७ लाख ९ हजार ९५८ रूपैया खर्च गरिएको छ।

उपरोक्त तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने मधेश र हिमालका जिल्लाभन्दा पहाडका जिल्लामा गैर सरकारी संस्थाहरूको लगानी धैरै छ।

यसबाट अरू के स्पष्ट हुन्छ भने मधेसमा गैरसरकारी संस्थाहरूको लगानी पहाडको तुलनामा कम छ। तर मधेशमा गैरसरकारी संस्थाहरूको चासो बढी भएको भन्ने आधारलाई उनीहरूले गर्ने लगानीबाट पनि तुलना गर्न सकिन्छ।

## संशोधन विधेयक टुंगो लगाउ : राजपा



काठमाडौं। संविधान संशोधन नभएसम्म चुनावमा भाग नलिने अडान लिएको राजपा नेपालले संसदमा प्रस्तुत संविधान संशोधन विधेयकको तत्काल टुङ्गो लगाउन सरकारलाई दबाब दिएको छ। संशोधन विधेयकको टुङ्गो लगाउनुअघि सरकारले प्रतिबद्धता जनाएका मुद्दा फिर्ता लिने, शहीद घोषणा गर्ने, क्षतिपूर्ति दिने र बन्दी रिहा गर्ने काम सरकारले एक/दुई दिनभित्रै गर्नुपर्ने उसको माग छ। सरकार र राजपाका नेताहरूबीच बुधबार भएको वार्तामा राजपाका नेताहरूले संशोधन विधेयकको तत्काल टुङ्गो लगाउन सरकारसँग माग राखेका थिए। उनीहरूको मागप्रति सरकारले क्षतिपूर्ति दिने, बन्दी रिहा गर्ने, शहीद घोषणा गर्ने, मुद्दा फिर्ता लिने प्रतिबद्धता जनाएको थियो। राजपाका वरिष्ठ नेता रामनरेश राय यादवले सरकारले तत्काल संशोधन विधेयकको टुङ्गो लगाउनुपर्ने भन्दै संशोधन विधेयक थाती राखेर सरकारले नै बल्झाइरहेको आरोप लगाए। राजपाका महासचिव मनीष सुमनले दुई तिहाइबाट संविधान संशोधन हुनेगरी सरकारले संशोधन विधेयकलाई मतदानमा लैजानुपर्ने बताउँदै विधेयकको पक्षमा संख्या पुऱ्याउने काम सरकारको भएको बताए।

## एकीकरण साउन १५ भित्र



डा. बाबुराम भट्टराई उपेन्द्र यादव

काठमाडौं। उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम र डा.बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति नेपालबीच एकीकरण प्रक्रिया अन्तिम चरणमा पुगेको छ। साउन १५ गतेसम्म पार्टी एकीकरण गर्ने उद्देश्यका साथ दुबै पक्षका नेताहरू अहिले आन्तरिक तयारीमा जुटेका छन्। नयाँ शक्तिका प्रवक्ता खिमलाल देवकोटाका अनुसार एकीकरण पछिको वरियतामा भट्टराई पहिलो, यादव दोस्रो र अशोक राई तेस्रो स्थानमा रहनेछन्। तर, नेताहरूको पदीय जिम्मेवारी के-के हुने भन्ने विषयमा अझै टुंगो लागेको छैन। भट्टराईलाई सर्वोच्च नेता, यादवलाई अध्यक्ष र अशोक राईलाई वरिष्ठ नेता बनाएर पार्टी एकीकरण गरिनु पर्ने संघीय मोरमको माग रहेको छ। फोरमका प्रमुख सचेतक डा. शिवजी यादवले साउन ११, १२ र १३ गते हुने पार्टीको बैठकले दुई पार्टीको एकीकरणबारे अन्तिम टुंगो लगाउने जानकारी दिएका छन्।

## भ्रष्टाचार र तस्करी अन्त्य गर्छु : एसपी सिंह



पत्रकार भेटघात कार्यक्रममा एसपी मनोजकुमार सिंह।

राजविराज। सप्तरीका प्रहरी उपरीक्षक मनोजकुमार सिंहले जिल्लाबाट भ्रष्टाचार, तस्करी र गुण्डागर्दी अन्त्य गर्ने प्रतिबद्धता जनाएका छन्। जिल्ला प्रहरी कार्यालयमा पत्रकार भेटघाट कार्यक्रमको आयोजना गरी प्रहरी उपरीक्षक सिंहले यस्ता विकृति र विसंगतीको जालो अन्त्य गरेर जिल्लाबाट जाने प्रतिबद्धता व्यक्त गरेका छन्। एसपी अनुराग द्विवेदी प्रधान कार्यालयमा तानिएपछि सिन्धुलीवाट सरुवा भई आएपछि आर्थिक अनियमितता, ढिलासुस्ती, चोरी-तस्करी, गुण्डागर्दी, हतियार ओसार-पसार, चेलिवेटी वेचविखन, लागु औषधको ब्यापार लगायतका विकृति र विसंगतीले सप्तरी मात्र नभई देशब्यापी रुपमा जालो बनाएको बताउँदै उनले सप्तरीमा रहुन्जेल त्यस्ता गिविधिको अन्त्यका लागि नै आफूले काम गर्ने बताए।

## प्रदेश नम्बर २ मा पहिलो पार्टी बन्ने कांग्रेसको दावी



काठमाडौं। नेपाली कांग्रेसका शीर्ष नेताहरूले आउँदो असोज २ गते प्रदेश नम्बर २ मा हुने स्थानीय तह निर्वाचनमा कांग्रेसलाई पहिलो पार्टी बन्ने दाबी गरेका छन्। पहिलो र दोस्रो चरणमा निर्वाचन भएका ६ वटा प्रदेशमा प्रमुख प्रतिपक्षी एमालेभन्दा ५० सिट पछि रहेको कांग्रेसले बिहीबारदेखि काठमाडौंमा आयोजना गरेको प्रदेश नम्बर २ का केन्द्रीय सदस्य, सांसद, जिल्ला सभापति र क्षेत्रीय सभापतिको भेलामा शीर्ष नेताहरूले प्रदेश नम्बर २ मा कांग्रेसले धेरै तहमा विजय हासिल गर्ने दावी गरे। कांग्रेस सभापाति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले प्रदेश नम्बर २ को निर्वाचन पार्टीका लागि जीवन मरणको प्रश्न भएको बताए। वरिष्ठ नेता रामचन्द्र पौडेलले मधेसका विषयमा फैलाइएको अतिरञ्जित भ्रमलाई कांग्रेसका मधेसी नेताले चिर्नुपर्ने बताए।

## निर्वाचन क्षेत्र निर्धारण आयोग गठन



कमलनारायण दास

काठमाडौं। सरकारले सर्वोच्च अदालतका पूर्व न्यायाधीश कमलनारायण दासको अध्यक्षतामा निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गरेको छ। मन्त्रिपरिषदको बैठकले बिहीबार पूर्व न्यायाधीश दासको अध्यक्षतामा पाँच सदस्यीय निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गरेको हो। आयोगलाई २१ दिनभित्र निर्वाचन क्षेत्र निर्धारणको प्रतिवेदन बुझाउन समय दिइएको छ। आयोगको सदस्यमा माधव अधिकारी, डा. विश्वकल्याण पराजुली र गणेशराज कार्की रहेका छन्। आयोगको सदस्य सचिवको जिम्मेवारी भने योगेन्द्र शर्मा पौडेललाई तोकिएको छ। प्रदेश र संघीय संसदको निर्वाचनका लागि क्षेत्र निर्धारण गर्नुपर्ने संवैधानिक प्रावधान अनुसार आयोग गठन गरिएको छ।

## राष्ट्रिय जनता पार्टी नेपालभित्र समावेशिताको अवस्था

| पार्टी | आदिवासी जनजाति | | शिल्पी (दलित) | | मुस्लिम | | महिला | | अन्य | | कुल संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| तमलोपा | १९ | ९% | ६ | ३% | १९ | ९% | ३५ | १७% | १२६ | ६१% | २०५ |
| सद्भावना | २० | १२% | ५ | ३% | १५ | ९% | २२ | १३% | १०६ | ६३% | १६८ |
| तमसपा | ७ | ५.३% | १ | ०.७% | १७ | १३% | २० | १५% | ८६ | ६६% | १३१ |
| रामसपा | २० | २१% | ८ | ८% | ८ | ८% | २८ | २८% | ३६ | ३५% | १०१ |
| नेसपा | १७ | १०% | ६ | ४% | ८ | ५% | १७ | १०% | ११२ | ७० | १६० |
| मजफो (ग.) | ३ | ६% | ० | ० | २ | ४% | ७ | १४% | ३८ | ७६% | ५० |
| राजपा | ८७ | ७ | २६ | ३% | ६९ | ८.५% | १२९ | १६% | ५०४ | ६२% | ८१५ |



## सम्पादकीय



# संविधान संशोधनको बाधक कांग्रेस !

हालै आन्दोलनरत राष्ट्रिय जनता पार्टी नेपालसँग भएको छलफलमा सत्तारूढ दल काँग्रेस र माओवादी केन्द्र तत्कालका लागि संविधान संशोधन विधेयक थाँती राख्ने निर्णयमा पुगेको छ। संविधान संशोधनमा एमालेले समर्थन नगर्ने र दुई तिहाइ नपुग्ने भएपछि प्रस्ताव हाललाई अगाडि नबढ्ने निष्कर्ष ती दुई दलको छ।

पहिलादेखि नै संविधान संशोधनका विपक्षमा उभिएको प्रमुख प्रतिपक्षी नेकपा (एमाले) स्थानीय तह निर्वाचनमा सत्तारूढ गठबन्धनलाई पराजित गर्दै पहिलो पार्टी भएपछि संशोधनका पक्षमा आउने झनै देखिन्न। संविधानको स्वीकार्यता बढाउने नाममा वामपन्थी सरकार ढालेर माओवादी-कांग्रेस गठबन्धन बनाउने मध्येका एक सूत्रधार हुन कांग्रेस नेता विमलेन्द्र निधि। राजापासँग भएको पछिल्लो छलफलमा नेता निधिले पत्रकारहरूलाई तत्कालका लागि संशोधन विधेयक थाती राख्ने निर्णय सुनाउँदा कांग्रेस भित्रको मनोभाव प्रष्ट देखियो। एमाले संविधान संशोधनका पक्षमा नआइदेओस् र त्यही मुद्दा बोकेर २ असोजको लागि तय भएको प्रदेश २ को निर्वाचनमा मधेश झर्न पाइयोस् भन्ने कांग्रेसको अभिव्यक्ति साउन ५ गते भएको असोज २ मा हुने स्थानीय चुनावको पूर्वसन्ध्यामा आयोजित प्रादेशिक भेलामा उनै निधिले प्रदेश नम्बरमा १२७ स्थान मध्ये एक सय सिट जित्न सक्ने विश्लेषण सुनाए। उनको यो भनाइबाट के स्पष्ट हुन्छ भने कांग्रेस संविधान संशोधनको नाममा मधेशमा आफ्नो स्थान बलियो बनाउने रणनीतिमा छ।

> आफूहरूले निर्वाचन सार्न माग नगरेको र त्यसबारे कुनै सल्लाह नभएको मधेशी नेताहरूको भनाइले पनि कांग्रेसले आफ्नो अनुकूलतामा निर्वाचन गर्न चाहेको प्रष्ट हुन्छ।

पहिलो चरणको स्थानीय तह निर्वाचनबाट एमाले पहिलो दल बन्दा कांग्रेसका नेताहरूको भनाइ हुन्थ्यो- दोस्रो चरणमा हामी उछिन्छौं। तर, दोस्रो चरणमा एमालेले थप अग्रता लिएपछि बाँकी तेस्रो चरणको निर्वाचनबाट क्षतिपूर्ति हासिल गर्न सकिन्छ कि भन्ने आशा कांग्रेस नेताहरूमा देखिन्छ। यद्यपि, जम्मा १२७ तह रहेको प्रदेश-२ मा कांग्रेसले सफलता हासिल गर्न सक्यो भने त्यो जस लिने दाउमा निधि रहेका छन् र त्यसका लागि कांग्रेस वृतमा असोज २ अघि संविधान संशोधन नहोस भन्ने चाहना विस्तारै विस्तारै प्रकट भइरहेको छ।

सत्तापक्षले जति प्रयास गरे पनि एमाले विना संविधान संशोधनका लागि दुई तिहाइ जुट्न मुश्किल छ। एमालेले विगतदेखि निरन्तर उठाउँदै आएको मुद्दा अहिले छाडेर संशोधनमा सहयोग गर्छ भन्ने विश्वासमा सत्तापक्षले छलफल गरिरहेको छैन। त्यही कुराको प्रचार होस् र मधेशको जनमत भड्कियोस् भन्ने चाहना कांग्रेसका नेताहरूमा छ। प्रदेश-२ मा निर्वाचन सारेर असोज पुऱ्याउनमा मधेशी नेताहरूको नभई कांग्रेसको मुख्य हात देखिन्छ। वास्तविक स्थिति बुझ्न प्रदेश-२ का आफ्ना सांसद्हरूको भेला आयोजना गरेर नै कांग्रेसले निर्वाचन सार्नु उपयुक्त ठहऱ्याएको थियो।

आफूहरूले निर्वाचन सार्न माग नगरेको र त्यसबारे कुनै सल्लाह नभएको मधेशी नेताहरूको भनाइले पनि कांग्रेसले आफ्नो अनुकूलतामा निर्वाचन गर्न चाहेको प्रष्ट हुन्छ।

## साताको सात बात



**अन्तरघातकै कारण धेरै ठाउँमा डेढ दुई सय भोटले कांग्रेसका उम्मेदवारहरू हारेका छन्। अब अनुशासन समिति बनाएर अन्तरघातीलाई पार्टीबाट निकाल्छु। – शेरबहादुर देउवा (सभापति, नेपाली कांग्रेस)**



**देश माओवादीकै एजेण्डामा चलिरहेको छ। माओवादी नेतृत्वको सरकारले इतिहासमै सबैभन्दा राम्रो काम पनि गर्यो। तर, निर्वाचनमा हामीले अपेक्षित सफलता हासिल गर्न सकेनौं। – पुष्पकमल दाहाल 'प्रचण्ड' ( अध्यक्ष, नेकपा माओवादी केन्द्र)**



**सरकारले गर्नु पर्ने कामलाई अगाडि बढाउने उहाहरूले भन्नु भएको छ। पहिला पनि सुनेका थियौं, आज पनि सुनौं, त्यो भन्दा बढी अरू केही भएको छैन। – महन्थ ठाकुर (अध्यक्षमण्डलीय संयोजक, राजपा नेपाल)**



**सत्तारूढ दल कांग्रेस र माओवादी केन्द्रले सत्ताको दुरूपयोग गरी स्थानीय तहको निर्वाचनमा एमालेलाई हराउन षड्यन्त्र गरे तर त्यो सफल हुन सकेनन्। – माधवकुमार नेपाल (वरिष्ठ नेता, नेकपा एमाले)**



**राप्रपालाई समाप्त पार्ने षड्यन्त्र भइरहेको छ। हिन्दू राष्ट्रको शाश्वत मान्यतामा आधारित भएर राप्रपा बलियो एवं लोकप्रिय राष्ट्रवादी शक्तिका रूपमा उदाएको छ। – कमल थापा (अध्यक्ष, राप्रपा)**



**अहिले पनि पार्टी दर्ता गर्ने क्रममा जुन ढंगको विधान र घोषणापत्र दर्ता गराइएको छ, पार्टीभित्र कुनै सल्लाह भएको छैन। हामीले अविलम्ब केन्द्रीय कार्य समिति बैठक गरेर अनुमोदन गरियोस् भनेका हौं। – हृदयेश त्रिपाठी (सहअध्यक्ष, राजपा नेपाल)**



**नयाँ संविधानसँगै प्राप्त भएका अधिकारहरू समानुपातिक, समावेशी, स्वास्थ्य, शिक्षा तथा रोजगार लगायतका धेरै महत्वपूर्ण अधिकारहरू लाई जनतामा लैजानका लागि हामी बाँकी निर्वाचनहरू गरेर जनताका प्रतिनिधिको शासन स्थापित गर्न आवश्यक छ। – जनार्दन शर्मा (गृहमन्त्री)**

*प्रस्तुती : संगीता रेग्मी*

# स्थानीय निर्वाचनबारे एक चर्चा



मनोज कुमार कर्ण

> कांग्रेसले ठान्दै आएको मधेश उसको वीर्ता हो भन्ने सपना टुट्दा कांग्रेस छानाबाट खसेझैं भएको छ।

एमालेले स्थानीय निर्वाचनको दुई चरणलाई पूर्णतः आफ्नो 'राष्ट्रवाद'को जीत अर्थ लगाउने भईहाले किनकि सबभन्दा बढी सिट जितेर पहिलो नम्बरको पार्टी बनेको छ। थेसिस, एन्टिथेसिस वा सिन्थेसिस जे लगाएपनि आखिरमा एमाले सबभन्दा बढी सिट जितेको आँखाले देखेको र दिमागले गन्न सकिने परिणाम हो जसलाई स्विकार्नु पर्छ। एमालेले मधेशमा झन मधेशवादी दलका पदाधिकारीहरूलाई नै निर्वाचनको मुखमा भित्र्याएको हुनाले हामी नै हौं को भावना किन नपलाओस् ? एमालेलाई लाग्या होः वृद्धभत्ताको शुरूवाती कदम उसैको हो। अब जसले जति रकम वृद्धि गरे पनि क्रेडिट एमालेलाई नै आउने हो र वृद्धहरूले एमालेलाई नै भोट हाल्ने हुन्, ठिक त्यसरी नै जसरी कि भारतको उत्तरप्रदेशमा हरेक गृहणिहरूले किचेनमा मोदी सरकारबाट ग्यास पाएकामा बीजेपीलाई भोट दिए। एमालेलाई हो अल्लाह मेहरवान तो गदहा पहलमान सरी कसरी पनि भयो भने मधेशमा उपेन्द्र यादबले मधेशी भनेको केवल मुस्लिम-यादब (एम्-वाई, भाई-भाई, उनकै नारा)लाई लिए अनि विहारको लालु यादबको जस्तो कम्युनल भई उत्ता पहाडी आदिवासी जनजातिसँग मिलेर सके देशकै प्रधानमन्त्री नत्र कम्तिमा जनसंख्याको आधारमा एम् र वाईलाई जोडेर मुख्यमन्त्री खाने सोच्न थाले। यसबाट आतंकित भएर मिस्टर यादबले बुझ्ने भाषामा लोभीपापी मधेशवादी र काँग्रेसी पनि केही भुरावालहरू एमालेमा अस्तित्वको रक्षाको लागि पसिदिए। यो उपेन्द्र जी कै मधेशीलाई टुक्र्याउने योगदान भयो। पहाडमा त्यतिकै मधेशी छैन अनि मधेशीले संघीयता लिंदा वा राज्यको पुनःसंरचना गर्न सफल हुँदा वा जनसंख्याको हिसाबले स्थानीय निकायको संख्या वृद्धि गराउन सफल भएमा पहाडमा अन्नपानी बन्द हुनेछको हौवा पिटाएर एमालेले पहाडको भोट सोहरेको भन्दा अतिशयोक्ति नहोला। कम्तिमा एमाले र मधेशवादी दलमा के अन्तर रह्यो भने एमालेले हामी समग्र नेपालको कल्याण चाहँदैनौं, केवल पहाडी समुदायको चाहन्छौं र मधेशी त विखण्डनवादी नै हुन् भन्न र दृष्टिकोण राख्न स्पष्ट भएर आयो भने मधेशवादी दलहरू हामी यसरी देशलाई एकिकृत पारेर बढ्ने छौं र हामी समग्र नेपालको राम्रो स्वास्थ्यको सोच राख्दछौं जसमा नेपालकै मधेशीको दर्जा, सुख, सुविधालाई पहाडी जतिकै दिलाई छाड्छौं भन्न, प्रचारप्रसार गर्न तथा प्रमाणित गर्न सकेनन्। अर्थात्, एमालेले हामी मधेश विरोधी हौं भन्ने कुरा देशभर बताएर पहाडी मत लिन सके भने मधेशवादी दलहरूले हामी साम्प्रदायिक छैनौं र एमाले देश टुक्र्याउन उक्साउने क्रिमिनलहरूको जमात् हो, त्यो नेपालका पहाडी/मधेशी सबै जनतालाई भन्न नसकेर एमालेलाई खेद्न देशबाटै खेद्न सकेनन्।

एमाले त्यस्तो एनजिओ वा जापानी हलुवावेद (पर्सिमोन) पार्टी हो जसको राज्य पुनर्संरचनाको मोडेल काँग्रेस र माओवादीको क्रस हो अर्थात्, उसको अरिजिनल होइन किनकि उ संघीयता र परिवर्तन विराधी तथा मधेशीको मागमा पूर्ण नकारात्मक पार्टी हो। उसले प्रत्येक घरमा एनजिओमै भएपनि एउटा न एउटा जागिर दिएको छ भलै लेवी यति तेज हो कि तलब लिएकाको घरमा केवल भोजन र आङ् ढाक्ने लुगाबाहेक केही पैसा बच्दैन अतः नयाँ बधुवा मजदूरको रूपमा उनीहरू हरेस खाएर एमालेको कमारा बनेका छन्। माओवादी केन्द्रले आन्तरीक भाँडभैलो नेतृत्व र पार्टीनीतिमा परिवर्तन ल्याए भने एमालेका बधुवा मजदूर तथा कमारा कार्यकर्ताहरूलाई उद्धार गरोस् र वामपन्थि मत उसैले लेओस्। यो तब नै सम्भव छ जब कि देशले आर्थिक रोजगारको सृजना गर्छ र माओवादीको माध्यमले जागिर खाएकाहरूले एमालेभन्दा फरकढंगले लेवी तिर्न नपरोस् !

### सोहिबारे कांग्रेसले के भन्छ ?

नेपाली काँग्रेस शब्द उल्लेख गरिरहँदा कतिपय साथीले मलाई पहाडी काँग्रेस लेख्न भन्छन्। किन यसो होला ? केवल यो स्तम्भकार मधेशीको अधिकार खोज्ने भइदिएर वा सर्वसाधारण मधेशीसमेतले नेपाली काँग्रेस इज नो मोर नेपाली काँग्रेस, इट इज नाउ पहाडी काँग्रेस भनेर यथार्थ बुझेर भनेका होलान् ? काँग्रेसको मनसाय थियो : मधेशवादी दललाई निर्वाचनबाट चुनाव चिन्ह, जनसंख्याको आधारमा स्थानीय निकाय र निर्वाचन क्षेत्र नबढाउने र लिडरिङ गरेर मधेशवादी दलमाथि मधेशमै सत्ताको लागि सिंहदरबार/बालुवाटार नछाडेको आरोप लागोस् र यता मधेशीमत, विनाप्रतिस्पर्धी, काँग्रेसमा झरोस्। काँग्रेसलाई थाहा थियो कि उपेन्द्र यादबलाई आदिवासी जनजातिले भारतविरूद्ध चीनलाई नेपालमा सकेजति सघाएर दूधबाट झिंगा फाले झैं फालिदिने छन् भने आदिवासी/जनजातिसँग पार्टी एकिकरण पश्चात् उपेन्द्रको यादब/मुस्लिमबाहेक मधेशीप्रतिको रवैयाले उनी र संघीय समाजवादी फोरम नेपालप्रति त्यतिकै मधेशमा घृणा फैलिरहेको छ। त्यसमाथि राजपाबाहेक स्वयँ उपेन्द्रले विजय गच्छेदारको लहैलहैमा स्थानीय निर्वाचनमा भाग लिए भने उनी झनै सत्ताको लोभी, गच्छेदार र उपेन्द्र यादबबीच मधेशीको मनमा फरक रह्ने छैन अनि पहाडी राष्ट्रवादलाई मानेर भाग लिएको निर्वाचनमा यी गच्छेदार र उपेन्द्रका कन्फ्यूज्ड् मधेशी मतहरू अन्ततः काँग्रेसमै आउने हो। तर भइदियो काँग्रेसलाई उल्टो। मधेशमा विराटनगर जस्तो कोइराला परिवारको गृहस्थान बाहेक काँग्रेसको जनाजा एमालेले निकालीदियो। काँग्रेसले ठान्दै आएको मधेश उसको वीर्ता हो भन्ने सपना टुट्दा काँग्रेस छानाबाट खसे झैं भएको छ। काँग्रेसलाई करेन्ट लागेको छ कि कम्तिमा मधेशवादी राजपा लोकतान्त्रिक शक्ति थियो र काँग्रेसको षड्यन्त्र र कालनेमी-सकुनीनीतिले मधेशीलाई निर्वाचनबाट हुत्याएर स्वयँ भोटलिने एमाले जस्तो आतंकवादी, एनजिओकर्मी तथा विदेशी एजेन्टले भरेको पार्टीलाई हुन गएको छ। काँग्रेसको मधेशीप्रतिको रेसियल डिस्क्रिमिनेसनले न काँग्रेस जित्यो, न कम्युनिष्ट किनकि एमाले स्वयँले अमेरिकन राजदूत एमालेको पार्टी कार्यालय भ्रमण गर्दा मार्क्सलगायत विश्व कम्युनिष्टका नेताहरूको फोटा लुकाएर 'हामी कम्युनिष्ट होइनौं, हामी अर्को किसिमको लोकतान्त्रिक वा काँग्रेस हौं' भने !

### संघीय समाजवादीका उपेन्द्र हिस्स

यसका अध्यक्ष उपेन्द्र यादब बारे माथि उल्लेख भएका बाहेक केही यी कुराहरू बुझ्न एकदम जरूरी छ। उपेन्द्र यादब पहिलो त्यसतो मधेशवादी पार्टीका अध्यक्ष हुन् जो २०६४ सालमा राजपा वा तमलोपा वा अन्य मधेशवादी दलहरू नरहेको अवस्थामा मधेशवादी आन्दोलनलाई आमजनताले समानताको लडाईं तार्किक निष्कर्शमा नपुगुन्जेल अन्त्य नगर्ने भनेकोमा सुटुक्क चोर जस्तो मधेशबाट सेनाको नाइटभिजन हेलिकप्टरमा सवार भई गिरिजाप्रसाद कोइरालाको मेजमानीमा बालुवाटार सरिक भए। आज मि. उपेन्द्रले राजपा वा डा. सीके राउत वा अन्य कसैलाई दोष लगाउन सक्छन् तर सो दिन महन्त ठाकुर काँग्रेसमै थिए, भने किन माग पूरा नहुँदै आन्दोलन तुहाए ? सोहिक्रम संविधान घोषणा २०७२ मा पनि हुँदा किन दोहोऱ्याए र अन्य मधेशवादीलाई पनि दोहोऱ्याउन लगाए ?

त्यो उपेन्द्र यादब हो, जसले मधेशमा एक मधेश प्रदेशको नारा, चर्चा गुञ्जायमान भई शिखरमा रहेको बेला तथा मधेशीले उनलाई मसिहा मानिरहेको बेला उनले हिन्दी पत्रिका हिमालिनीलाई सुटुक्क मुसा वा चोरको जस्तो ह्वीस्पर गरेर कोशी पूर्व र कोशी पश्चिम गरि मधेशीलाई फकाएर मधेशलाई दुई प्रदेशमा बाँड्न सकिन्छ भन्ने अन्तर्वार्ता दिए जुन प्रति स्तम्भकारसँग सुरक्षित छ ! यो उनै उपेन्द्र हुन् जसले भारतीय राजदूत राकेश सूदलाई परराष्ट्रमन्त्री आफू छँदा हरिहर भवन मन्त्री क्वार्टरमा कसलाई कसरी भेट्ने भनेर गाली गरेका थिए जबकि चीनीयाँ दूत वा राजदूत आउँदा उनी लम्पसार पर्छन्। नेपालमा माओवादी जनयुद्ध हुँदा लुक्न भारतमा जान्छन् तर बाहिर आउँदा चीनीयाँ दूतको आज्ञापालन गर्दै भारतविरोधी गिनेचुनेका आदिवासी जनजातिसँग पार्टी एकीकरण गर्छन् र स्वयँलाई कम्युनिष्टविगतको ह्यांगओभर रहेको छर्लङ्ग पार्छन्।

मि. उपेन्द्रलाई यो लाग्या होला कि राजपा र अन्य मधेशवादी दलहरू हाल मुद्दाको लडाईंमा व्यस्त रहेका बेला हामी संघीय फोरमले सुटुक्क निर्वाचनमा भाग लिएर पुनः हामीपनि मधेश आन्दोलन मैं छौं र हाम्रो माग अनुसार संविधान पुनर्लेखनको चर्को कुरा गर्दा हामी नै राजपाभन्दा क्रान्तिकारी रह्नेछौं। यो त उपेन्द्र यादबकै विगतको व्यंग्य उनैलाई सुहाउने भयो : सौ चुहा खाकर बिल्ली चली हज के। उपेन्द्र यहाँ चिप्ले : उनले यसो सहयात्री दललाई धोका दिंदा न मधेशी र न पहाडी दल तथा जनताले पत्याउलान् भन्ने बुझेनन् भने मधेशी मतदाताको सेन्टीमेन्टको अध्ययन गर्नै नसकेको पुष्टि भयो।

उपेन्द्र नै हो जसले आजसम्म मधेशमा ग्वारहरूको संख्या अनुसार ग्वारले नै सबै मधेशवादी दल भविष्यमा एकीकृत हुन्छ भने अध्यक्षमात्रै होइन कि आजिवन अध्यक्ष रह्नुपर्छ भन्ने अहिरी घमण्डले अन्य कसैलाई मधेशी नेता नमानेर एकीकृत मधेशवादी दल निर्माण हुन दिएनन्। उनै उपेन्द्रले मधेश राजनीतिलाई मन्द गराए, कहिल्यै गतिशिलता आउन नदिएर सिथिल पारे। मधेशवादी दलहरू एकीकरण आज हुन्छ, भोली हुन्छ भनेर अनुमान लगाईरहेका बेला महन्थ ठाकुरलाई नेतृत्व नमानेर भाँड्भैलो मच्चाए। योगदान अनुसार महन्थ ठाकुरपछि उपेन्द्र नै आउँथे होलान् नेतृत्वमा तर उनमा केवल मधेशी मुक्तिको सवालमा पनि अलिकति भएपनि त्याग देखिएन। मधेशी मतदाताले लोप्पा त खुवाइ नै दिए उनलाई तर मैथिली उखान अनुसार जौंरी जइरगेल लेकिन अइठन बाँकीए हई अर्थात् डोरी जलिसकेपछि पनि ऐंठन (बाँटन) बाँकी नै छ जस्तो गरि उल्टै राजपालाई संगै लाने र संविधान पुनर्लेखन गराउने तथा आन्दोलन जारी नै छ भन्छन्। अन्य चिन्ता छोडेर आफ्नो इमेज के होला वास्तविक सहिद र पिडित मधेशीको आत्मामा, त्यो बुझ्दा उनैलाई तत्काल भलाई छ।

*(लेखक पाटन संयुक्त क्याम्पसमा अध्यापनरत् छन्)*

# प्रचण्ड गर्मीका कारण जनजीवन कष्टकर, एकको मृत्यु

राकेश यादव, रौतहट। विगत एकसत्तादेखि बढेको गर्मीले रौतहट लगायत तराईका जनजीवन कष्टकर बनेको छ। वर्षापछि अचानक बढेको गर्मीका कारण मानिसको दैनिकी जीवन कस्टकर भएको हो। बिहानदेखि बेलुकीसम्म चर्को घाम लागेको कारण गर्मी बढेको हो।

हावा विनाको लगातारको चर्को घामले खेतमा काम गर्ने मजदुर किसानदेखि लिएर कलकारखाना उद्योग, कार्यालयमा काम गर्नेहरूसमेत प्रभावित भएका छन्। सूर्योदय हुँदादेखि सूर्यास्तसम्म एकै नासको घाम लाग्ने गरेकोले सर्वसाधारणको दिनचर्यामा कठिनाई भएको छ।

शहरमा सवारी साधनको चाप तथा चर्को घामले मानिसको बस्ने अवस्थामा जटिलता देखिएको छ। विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरू गर्मीले बढी प्रभावित बनेको बुझिएको छ।

विहान ३५ डिग्रीदेखि ४० डिग्रीसम्म तापक्रम रहेको रौतहटमा सडकमा हिड्ने सेवाग्राहीको आवागमनमा कमी आएको छ भने सार्वजनिकसवारी साधनमा यात्रा गर्ने यात्रुहरूलाई प्रचण्ड गर्मीले अचेत हुने अवस्थाको सिर्जना भएको यात्रुहरूले बताएका छन्।

अनियमित विद्युत कटौतीले थप समस्या अनियमित विद्युत कटौतीले थप समस्या उत्पन्न गरेको हो। गौरदेखि चन्द्रनिगाहपुरसम्मको ४२ किलोमीटर लामो वीरेन्द्र राजमार्गमा आवागमन गर्नेहरूलाई कठिनाईको सामना गरिरहनु परेको छ।

### रूखविरूवा कटानका कारण वातावरण प्रतिकूल

सडकको दुवै छेउमा बृक्षारोपण नगरिएको कारण वातावरण अनुकून नभएकोले पैदल हिड्ने यात्रुहरूलाई रूखको छहारीमा एकछिन बसेर गर्मी छल्न धौ धौ परेका छन्। पूर्व प्रमुख जिल्ला अधिकारी नरहरि बरालको बृक्षारोपण गर्ने अभियान असफल भएको छ।

बाटोमा यात्रा गर्ने बटुवालाई सहज हुने उद्देश्यले अवकाश लिनुभन्दा पहिला बरालले दुवै छेउमा विभिन्न प्रजातिका रूख लगाउने अभियान शुभारम्भ गरेका थिए। तर यहाँका राजनीतिक दल संघ सस्थाका प्रमुखको निष्क्रियताको कारण लगाइएको बृक्षहरू पनि सुकेर नष्ट भएका छन्। रौतहट, बारा, पर्सा, सर्लाही लगायतका जिल्लामा बढेको अत्याधिक गर्मीले जनजीवन कष्टकर बनेको छ।

अचानक बढेको गर्मीले मान्छेको स्वास्थ्यमा समेत नकारात्मक प्रभाव परेको जिल्ला स्वास्थ्य कार्यालय रौतहटका प्रमुख डाक्टर नवलकिशोर झाले बताएका छन्।

### विषालु सर्पको बिगबिगी

गर्मीले विषालु सर्पको बिगबिगी बढ्न सक्ने निश्चित भएकोले रातिको समयमा हिंड्दा टर्च लाइट लिएर हिंड्नु पर्ने सुझाव समेत दिएका छन्।

### धानबाली प्रभावित

चर्को घामले खेतमा लगाइएको धान बाली प्रभवित हुने जिल्ला कृषि विकास कार्यालयले जनाएको छ।

स्वास्थ्य प्रमुख झाले लगातार गर्मीको प्रकोप रह्यो भने मानिस मूर्छित हुन सकने, जल वियोजन रोगको शिकार हुने, छाला सम्बन्धी समस्या, शर्दी, बुखार जस्ता वीमारीको शिकार बन्न सकिने बताएका छन्।

### अधिक मात्रामा पानी खान सुझाव

गर्मीबाट बचनलाई दिनमा अधिक मात्रामा पानी खानलाई सुझाव दिँदै डाक्टर झाले चिसो ठाउँ बस्न, घरबाट बाहिर निस्किँदा त्वजा सुरक्षाको लागि सन प्रोटेक्सिन क्रिम लगाएर मात्रा निस्कन सल्लाह दिएका छन्। डाक्टर झाका अनुसार दिनमा पर व्यक्तिले कम्तिमा ४ लीटर पानी खानु पर्ने हुन्छ। शरीरबाट जति पसिना बाहिर निस्किन्छ त्यत्तिकै मात्रामा पानी खानु पर्ने आवश्यक देखिन्छ।

### गर्मीका कारण महिलाको मृत्यु

प्रचण्ड गर्मीका कारण रौतहटमा एक जनाको मृत्यु समेत भएको छ। घरबाट खेतमा काम गरिरहेको कामदारका लागि खाजा लिएर जाँदै गरेकी स्थानीय गढ़ीमाई गौपालिका वार्ड नंबर ४ संग्रामपुरको पर्सा टोल निवासी ५८ वर्षीया महिला जमुना देवी मूर्छित भएर लड़दा उपचारको लागि स्वास्थय केन्द्रमा लैजाँदा स्वास्थ्यकर्मी वीरेन्द्र झाले मृत घोषणा गरेका थिए।

महिलाको मृत्यु गर्मिकै कारण भएको भनी यकीन साथ भन्न सकिने अवस्था नरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक नविन कृष्ण भण्डारीले बताएका छन्। मृतका महिलको बारेमा चिकित्सकले गर्मीकै कारण मृत्यु भएको भनी प्रमाणित गर्ने सकेको छैन।

राष्ट्रिय साप्ताहिक
मधेशवाणी

# जनताका लागि काम गर्न एमालेमा गएकी हुँ



**अनिता यादव**
**नेतृ, नेकपा एमाले**

एमालेमा म विगतमा काम गरिसकेको छु। यो पार्टीमा जाँदा काम गर्न सहज हुन्छ भनेर गएकी हुँ। यसका साथै मधेशको विकासलाई नेकपा एमालेले प्राथमिकतामा राखेको छ। बजेटकै कुरा गर्ने हो भने एमालेको सरकार हुँदा मधेशका लागि प्रयाप्त बजेट छुट्याउन्छ। जहाँसम्म मधेशको एजेण्डाको कुरा छ। एमालेमा आएर मधेशको एजेण्डा छाडेको कुरा पनि होइन। मधेशको विकास, अधिकारलगायत कुरामा म दृढ छु।

**० तपाईं राष्ट्रिय जनता पार्टीकी कोषाध्यक्ष हुनुहुन्थ्यो। तर, अचानक नेकपा एमालेमा प्रवेश गर्नुभयो। किन होला ?**

– म झण्डै १४ वर्षअघि नेकपा एमालेमै थिएँ। हामीले २०६४ मा आएर तमलोपा गठन गर्‍यौं। करिब २० वर्षदेखि स्थानीय तहको चुनाव हुन सकेको थिएन। देश विकासका लागि स्थानीय तहको विकास हुनु जरूरी हुन्छ। स्थानीय तहको चुनावमा भाग लिएर मधेशको विकास गर्ने हाम्रो सोच थियो। तर, राजपा यसबाट पछाडि हट्यो। म विगतमा धनुषा ५ नम्बरबाट चुनाव लडेको थिएँ। म पराजित भए पनि त्यहाँका जनताका लागि केही गर्नुपर्छ भन्ने मेरो सोच थियो। तर, त्यसमा राजपा र मेरो कुरामा मत भिन्नता थियो। त्यसकारण मैले पार्टी परित्याग गर्ने निर्णय गरेँ। राजपामा बसेर मधेशका लागि जुन काम मैले गर्न पाएको थिइनँ, त्यो काम एमालेमा बसेर गर्न सक्छु भनेर नै म यो पार्टीमा पुनः आबद्ध भएकी हुँ।

**० एउटा त चुनावको कुरा तपाईंले भन्नुभयो। अरु कुन कारणले गर्दा तपाईं राजपाबाट निस्किनुभयो र एमालेमा प्रवेश गर्नुभयो ?**

– राजपा ६ वटा दल मिलेर एउटा त भयो। ६ वटा पार्टी मिले पनि उनीहरूको विचार मिलेको देखिएन। अर्कोतर्फ उनीहरूको विचारको अन्यौलतामा हाम्रो भूमिका पनि केही नहुने देखियो। हामी पदमा हुँदाहुँदै पनि हाम्रो कुनै भूमिका नहुने अवस्था देखियो। कोषाध्यक्ष पद मात्र थियो। देखाउनका लागि मात्र मलाई कोषाध्यक्ष बनाइएको थियो। राजपामा त्यो पदको कुनै औचित्य मैले देखेको थिइनँ। पद त थियो, तर कुनै अधिकार दिइएको थिएन। म एक वर्षअघि कोषाध्यक्षमा निर्वाचित भएको थिएँ। तर, पार्टीले मलाई कुनै अधिकार दिएको थिएन।

**० ६ वटा पार्टी एकीकृत भएपछि तपाईंलाई अधिकारबाट वञ्चित पारियो कि तमलोपा रहेकै बेलादेखि अधिकारबाट वञ्चित पारियो ?**

– म तमलोपामा एक वर्ष अघिदेखि नै कोषाध्यक्ष थिएँ। तर, तमलोपा हुँदाखेरी नै मलाई देखाबटी रूपमा पद मात्र दिइएको थियो। मलाई कुनै कार्यभार दिइएन।

**० तपाईंलाई कुनै जिम्मेवारी दिइएको थिएन भने पार्टीभित्रै पनि आवाज उठाउन सक्नुहुन्थ्यो नि ?**

– कोषाध्यक्ष भएर पनि जिम्मेवारी नदिनु एउटा पक्ष थियो। अर्को, म जनप्रतिनिधि थिएँ। मलाई धनुषाका जनताले मत दिएका थिए। हो, म चुनावमा धनुषाबाट पराजित भएको थिएँ। तर, जसले मलाई मत दिए, तिनीहरूका लागि पनि मैले के ागर्न सकिरहेको थिइनँ। म चुनावमा दोश्रो स्थानमा आएको थिएँ। ठिक छ, कोषाध्यक्षको अधिकार नदिए पनि जनताका लागि काम गर्ने वातावरण पनि थिएन। यसका साथै अर्को पनि कुरा छ। अहिले २० वर्षपछि स्थानीय तहमा चुनाव हुन गरिरहेको छ। जनप्रतिनिधिहरू आएपछि स्थानीय तहमा विकासको लहर चल्छ। तर, यसमा पनि राजपा पछाडि हट्यो।

**० विभिन्न कारणहरुमध्ये तपाईं नेकपा एमालेमा जानुको मुख्य कारण चाहीं के थियो ?**

– नेकपा एमालेमा तानिएर गएको होइन। खासमा मलाई राजपा परित्याग गर्नु एकदमै आवश्यक भइसकेको थियो। जहाँसम्म एमालेको कुरा छ। एमालेमा म विगतमा काम गरिसकेको छु। यो पार्टीमा जाँदा काम गर्न सहज हुन्छ भनेर गएकी हुँ। यसका साथै मधेशको विकासलाई नेकपा एमालेले प्राथमिकतामा राखेको छ। बजेटकै कुरा गर्ने हो भने एमालेको सरकार हुँदा मधेशका लागि प्रयाप्त बजेट छुट्याउन्छ। जहाँसम्म मधेशको एजेण्डाको कुरा छ। एमालेमा आएर मधेशको एजेण्डा छाडेको कुरा पनि होइन। मधेशको विकास, अधिकारलगायत कुरामा म दृढ छु।

**० मधेशकेन्द्रित दलबाट निस्किनुभयो। तर, नेकपा एमालेमा प्रवेश गर्नुलाई धेरैले आश्चर्य मानेका छन्। के भन्नुहुन्छ ?**

– एमालेमा जानु आश्चर्यको कुरा होइन। के एमालेमा मधेशका नेता छैनन् ? मधेशमा एमालेका कार्यकर्ता छैनन् ?

**० तर, तपाईं खाटी मधेशवादी नेतृ हुनुहुन्थ्यो नि ?**

– मधेशवादी भएर हुँदैन। मुख्य कुरा मधेशी जनताको अधिकार र विकासका लागि को चिन्तित छन्, त्यो महत्वपूर्ण कुरा छ। कुनै पनि पार्टीमा गएर मधेशका लागि काम गर्न सकिन्छ।

**० एमालेमाथि मधेश विरोधीको आरोप लागिरहेका बेला तपाईं यसमा प्रवेश गर्नुभयो नि ?**

– होला, कसैको त्यस्तो विचार हुन सक्छ। तर, मेरो यस्तो विचार होइन। मलाई जनताका लागि काम गर्नुपर्ने थियो। त्यसैका लागि एमालेमा प्रवेश गरेकी हुँ। म विगतमा एमालेमा काम गरिसकेको छु त्यसैले यो पार्टीमा आएकी हुँ।

**० राजपामा हुँदा तपाईंले पनि एमालेको विरोध गर्नुहुन्थ्यो। तर, अहिले चाहीं मधेशको एकदमै हित चाहने पार्टी भन्न थाल्नुभएको छ नि ?**

– नेकपा एमाले मधेश विरोध हो भनेर भ्रम फैलाइएको हो। एमाले मधेश विरोधी होइन भन्ने कुरा उसले गरेको कामले प्रष्ट पार्छ। केपीशर्मा ओली प्रधानमन्त्री भएका बेला मधेशका लागि प्रयाप्त बजेट आएको नाटक हो ? एमाले मधेशको हित चाहन्छ भन्ने कुरा सबैलाई थाहा छ। काम गर्न सहज हुने भएर म एमालेमा प्रवेश गरेकी हुँ। म यो पार्टीमा रहेर जनताका लागि काम गर्न सक्छु।

**० राजपाले मधेशीको हितका लागि उठाएका एजेण्डा लिएर एमालेमा जानुभएको हो कि एजेण्डा पनि छोड्नुभएको हो ?**

– म राजपाको एजेण्डाभन्दा पनि मधेशका एजेण्डालाई बोकेर एमालेमा गएकी हुँ। मधेशीका जायज माग सम्बोधनका लागि संघर्ष गर्छु। राजपाका शतप्रतिशत एजेण्डा सही नहुन सक्छ। म मधेशीको विकास र अधिकारका एजेण्डाका लागि लड्छु। मलाई आफ्नो लागि होइन, मधेशी जनताको हितका लागि काम गर्नुछ। मधेश सुगम ठाउँ भए पनि केही स्थान हिमालको भन्दा पनि पछाडि परेको छ।

**० संविधान संशोधनका विषयमा तपाईंको धारणा के छ ?**

– संविधान संशोधन परिवर्तनीय दस्तावेज हो। संविधानका कुनै कुरामा असन्तुष्टि छ भने त्यसलाई संशोधन गर्दै अघि बढ्नुपर्छ। मैले पहिला पनि राजपामा हुँदा नेताहरू भनेको थिएँ कि जनता हामीसँग छ भने चुनावमा जाऔं। त्यहाँबाट जितेर आएर सबैलाई देखाइदिन सक्थ्यौं कि हामी मधेशका लागि लडेको सही हो। त्यसैले हामी चुनाव रूपी आन्दोलनमा सहभागी होऔं।

**० स्थानीय तहको संख्यावृद्धिको विषयमा तपाईंको धारणा के छ ?**

– तीन नम्बर प्रदेशमा ५५ लाखभन्दा बढी संख्यामा एक सय १९ सिट छ। दुई नम्बर प्रदेशमा ५४ लाखभन्दा बढीमा एक सय २७ वटा सिट छ। भनेपछि त्यहाँको दाँजोमा बढी नै छ। समग्रमा भन्ने हो भने यो मागमा मेरो समर्थन छ। किन भने सिटका हिसाबले बजेट आउँछ। तर, यी सबै माग विस्तारै सम्बोधन गर्दै जानुपर्छ। अहिले नै सबै माग सम्बोधन गर्नुपर्छ भनेर देशलाई अस्थिरताको बन्दी बनाउनु हुँदैन।

(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश)

> मधेशवादी भएर हुँदैन। मुख्य कुरा मधेशी जनताको अधिकार र विकासका लागि को चिन्तित छन्, त्यो महत्वपूर्ण कुरा छ। कुनै पनि पार्टीमा गएर मधेशका लागि काम गर्न सकिन्छ।

# माग पूरा नभएसम्म हामी आन्दोलनमै रहन्छौं



**केशव झा**
**महासचिव**
**राष्ट्रिय जनता पार्टी नेपाल**

मुलुकलाई निकास दिनका लागि राजपा नेपाल अहिलेसम्म आन्दोलनमा छ। राजपा नेपालले उठाएका मुद्दाहरू राष्ट्रिय मुद्दा हो। हामी कुनै एउटा क्षेत्र, वर्ग वा समुदायका लागि मात्र आन्दोलन गरिरहेका छैनौं। समग्र मुलुकका वर्षौंदेखि उत्पीडन र शोषणमा परेका समुदायका लागि आन्दोलन गरिरहेका छौं।

**० वर्तमान राजनीतिक अवस्थालाई तपाई कुन रुपमा लिनु भएको छ ?**

– वास्तवमा मुलुक अहिले राजनीतिक संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ। ठूला दलका शीर्ष नेतृत्वहरूका कारण अहिले मुलुकमा अस्थिरता बढ्दै गइरहेको छ। मुलुकको राजनीतिले निकास पाइराखेको छैन। नेपालको नयाँ संविधान बनेको दुई वर्ष हुन लाग्यो तर, अहिलेसम्म कार्यान्वयन हुने अवस्थामा छैन। संविधानमा यति धेरै त्रुटिहरू छन् कि त्यसलाई नसच्याइकन लागू हुनै सक्दैन। त्यसका लागि मुख्य कुरा संशोधन गर्नुपर्ने हुन्छ। तर, संविधान संशोधन हुन पाइरहेको छैन। अहिले पनि हाम्रो माग र मुद्दा यथावत छ, जसका लागि हामी संघर्षमा छौं। जबसम्म यी समस्याहरू समाधान हुँदैन तबसम्म संविधानको कार्यान्वयन हुँदैन। त्यसकारण मुलुकमा अहिले समस्याहरू उत्पन्न भइरहेको छ।

**० तपाईंको विचारमा अबको राजनीति कुन कोर्सतिर गइरहेको छ ?**

– अहिलेको राजनीतिक घटनाक्रमले दुईटा कोर्सतिर गइरहेको प्रष्ट बुझ्न सकिन्छ। मुलुकमा रहेको विद्यमान समस्याहरूलाई समाधान गरेर गयो भने वास्तवमा मुलुक २१औं शताब्दीमा जनताले अपेक्षा गरेअनुसार रोजगारी, आर्थिक वृद्धिदर, विकास इत्यादी कुराहरूमा अगाडी बढ्छ। यदि समस्याको समाधान गरेर अगाडी गएन भने मुलुक गृहयुद्धतिर जान सक्छ। मुलुक अन्योलमा फस्छ जसको निकास सम्भव नहुन सक्छ।

**० मुलुकलाई निकास दिने जिम्मेवारी राजपा नेपालको होइन र ?**

– निश्चित रूपमा निकास दिने काम राजपा हो।

**० यदि हो भने, मुलुकलाई निकास दिनका लागि राजपा नेपालले के-कस्तो कार्यनीति र रणनीति अपनाएको छ ?**

– मुलुकलाई निकास दिनका लागि राजपा नेपाल अहिलेसम्म आन्दोलनमा छ। राजपा नेपालले उठाएका मुद्दाहरू राष्ट्रिय मुद्दा हो। हामी कुनै एउटा क्षेत्र, वर्ग वा समुदायका लागि मात्र आन्दोलन गरिरहेका छैनौं। समग्र मुलुकका वर्षौंदेखि उत्पीडन र शोषणमा परेका समुदायका लागि आन्दोलन गरिरहेका छौं। आम जनताको भावनाको प्रतिनिधित्व होस्, उनीहरूले अधिकार पाओस्, सबैले मुलुकमा अपनत्व महसुस गर्न पाओस् र राज्यको हरेक निकायमा समान रूपमा समावेशीको आधारमा प्रतिनिधित्व गर्न पाओस्, जसका लागि राजपा निरन्तर संघर्षमा छ। बोली नभएको जनताको बोलीको रूपमा भएर राज्यलाई एक ढिक्का बनाएर अगाडी बढाउनका लागि हामी निरन्तर संघर्षमा छौं। मुलुकलाई निकास दिनका लागि नै हामीले यो बाटो अपनाएका हौं। मुलुकलाई बर्बाद भएको हामी देख्न सक्दैनौं। मुलुकलाई हरेक समस्याबाट जोगाउनलाई हामी निरन्तर सडकबाट खबरदारी गर्दै संघर्ष गर्दै अहिलेसम्म अगाडी बढिरहेका छौं।

**० लोकतन्त्रको मूल मर्म निर्वाचन पनि हो तर तपाईहरु सडकबाटै समस्याको समाधान गराउँछु भन्दै हुनुहुन्छ, यसले समस्याको समाधान हुन्छ भने कतिको विश्वस्त हुनुहुन्छ ?**

– हाम्रो देशको लोकतन्त्र अन्य विकसित मुलुकको लोकतन्त्र जस्तो बलियो छैन। यहाँको लोकतन्त्रमा हामीले दशकौंदेखि सडकमा छौं। चार–चार चोटी आन्दोलन गरिसक्यौं तर अहिलेसम्म त्यो कुरा सुन्ने प्रयास गरिएको छैन। यहाँ त मुलुकमा एकदम विध्वंश मचाएर, चारैतिरबाट घेरेर सासै लिने अप्ठेरो पारेपछि मात्र सुन्ने चलन छ। हाम्रो देशको अर्को प्रचलन पनि के भयो भने २००७ सालदेखि अहिलेसम्म सबै परिवर्तन सडक आन्दोलनबाट भएको हो। हाम्रो मुलुकमा जति पनि उपलब्धी हो त्यो सबै सडक आन्दोलनले नै निर्धारण गरेको हो। 'प्रकृतिको नियम के हो भने बच्चालाई आमाले दुध खुवाउनु पर्छ भन्ने आम बुझाई भएपनि जबसम्म बच्चा रूँदैन आमाले दुध खुवाउदैन' त्यो प्रवृति हाम्रो देशमा पनि छ। त्यहीं भएर आन्दोलनको विकल्प छैन।

**० आन्दोलनको विकल्प छैन भन्दैमा जनताले कहिलेसम्म आन्दोलन गर्छ ? फेरी संविधान संशोधनका लागि यत्रो आन्दोलन गरियो तर संविधान संशोधन नहुँदै मधेशी मोर्चा समाप्त भयो। संघीय गठबन्धन छिन्न भिन्न भयो ? जब आन्दोलन एउटै मुद्दाका लागि हो भने यस्तो किन ? के फेरि पनि गठबन्धनका शक्तिहरुसित सहकार्य गरेर अगाडी बढ्न साध्य छ ?**

– राजनीतिमा असम्भव त केही पनि हुँदैन। हामीसँग दुर्भाग्य के भयो भने हामीलाई राज्यले आफ्नो अंग स्वीकारेकै छैन। जसकारण हामीले बारम्बार आन्दोलन गर्दा संघर्ष गर्दा पनि राज्यले हाम्रो अधिकारको लडाईलाई मान्यता दिएन। अधिकार दिएन हाम्रो माग मुद्दालाई सम्बोधन गरिदिने प्रयत्न गरिदिएन। अब यो लडाईको उपलब्धी राज्यको चरित्र माथि निर्भर छ। यो लडाईलाई भङ्ग गर्न चाहन्छन कि लडाई उपलब्धी संस्थागत गर्छ। हामीले यो राज्यसँग नै आफ्नो माग मुद्दालाई सम्बोधन गराउनु छ। त्यस कारणले नै हामी यो राज्यसँग आन्दोलित छौँ। सहकार्यको कुरा आउँदा खेरि राजनीतिक यस्तो प्लेटफर्म जहाँ सधैंका लागि न कोही कसैको मित्र न कोही कसैको शत्रु हुन्छ। त्यसकारण समय र परिस्थिति आयो भने हामी सहकार्य पनि गर्छौं।

**० संविधान संशोधन गराउनकै निम्ति प्रचण्ड सरकारलाई तपाईहरुले मतदान गरेर प्रधानमन्त्री बनाउनु भयो, त्यसपछि त्यही संशोधनको लागि देउवा सरकारलाई पनि मतदान गर्नु भयो तर अहिले देउवा सरकारले भनिरहेको छ कि यथास्थितिमा संविधान संशोधन हुन सक्दैन भनेर, अब तपाईहरुले मतदान गरेको उपलब्धी औचित्य के रहेको छ ?**

– अहिलेको सरकारले के भनेको हो भने, दुई तिहाई पुर्‍याएर मात्र संशोधन प्रक्रिया अगाडी बढाऊ। न कि संशोधन प्रस्तावलाई फेल भए पनि बढाउ। हामीले पनि संसदीय प्रणाली नै खोजेको हो। हामीले पुरै संविधानलाई बहिष्कार गरेको होइन। हामीले प्रधानमन्त्रीको निर्वाचनमा यसकारण भाग लिएका थियौं कि हामीमाथि फैलाइएको भ्रम तोड्नु थियो। विश्वकै उत्कृष्ट संविधान भनेर जुन प्रचार गरिएको थियो त्यो भ्रम हटाउनका लागि बारम्बार संविधान संशोधनको कुरा उठाउँदै आयौं। १० प्रतिशतले मात्रै संविधान अपुरो हो भन्ने भ्रमलाई चिर्नका लागि लोकतान्त्रिक विचारधारा बोकेका शक्ति नेपाली काँग्रेस र परिवर्तनका संवाहकको नाममा उदाएको माओवादी पार्टीसँग सहकार्य गरेर देश र दुनियाँलाई यो संदेश दिन सफल भएका छौं कि बहुमत जनताले संविधानमा संशोधन चाहेका छन्। ६५ प्रतिशत संविधान संशोधनको पक्षमा उभेका छन्। यो नै सबैभन्दा ठूलो उपलब्धी मान्न सकिन्छ। राजनीतिमा एक दिनमै परिवर्तन हुन्छ भन्ने होइन। देश दुनियालाई संविधानको पक्षमा जनमत देखाउनका लागि नै हामीले पटक-पटक मतदान गरेको हो।

**० प्रचण्ड सरकारलाई पनि मतदान गर्दा त पनि संशोधन गर्ने सहमति त भएको थियो नि, देउवा सरकारलाई पनि सर्मथन गर्दा तीनबुँदे सहमतिपत्रमा सम्झौता त भएको थियो तर पुरा भएन, यी घटनाक्रमलाई हेर्दा भनिन्छ कि मधेशलाई प्रमुख दलले उपयोग मात्रै गर्न जानेको हो ? तपाईंको धारणा के छ ?**

– उपयोगको कुरा एकतर्फी हुँदैन। यिनीहरू उपयोग गर्न जानेको छ र मधेशी जनता उपयोग भइरहने हो त्यो होइन।

*(मधेशवाणीका लागि विजय यादवले गरेको कुराकानीको सम्पादित अंश)*

> हामीले यो राज्यसँग नै आफ्नो माग मुद्दालाई सम्बोधन गराउनु छ। त्यस कारणले नै हामी यो राज्यसँग आन्दोलित छौँ। सहकार्यको कुरा आउँदा खेरि राजनीतिक यस्तो प्लेटफर्म जहाँ सधैंका लागि न कोही कसैको मित्र न कोही कसैको शत्रु हुन्छ। त्यसकारण समय र परिस्थिति आयो भने हामी सहकार्य पनि गर्छौं।

# अराजकता, राजनीति र मधेश

## अजय कुमार सिंह

आज मधेश हरेक क्षेत्रमा पछि परेको छ र यसको मुख्य दोषी ठूला राजनीतिक दलहरू छन् । मधेशलाई बिगार्ने काम यी ठूलै दलबाट भएको हो । आज मधेशका राजनीतिक दलहरूको खेल्ने मैदान भएको छ ।

नेपालको एउटा गाउँमा एक जना बुढो को चार वटा सन्तान थियो । बुढोको शासन भनेको सबैमाथि बराबर थियो । चार जना भाईमा तीन जना अलि उच्छृंखल प्रवृतिका थिए भने एक जना शान्त र कसैले दिएपछि मात्र लिने खालका थिए । बुढो बाँचुन्जेल कुनै वस्तु हुँदा सबैलाई बराबर गरी लिने चलन बनाएका थिए । बुढोलाई षड्यन्त्रपूर्वक हत्या गरियो र हत्यारालाई प्रशासनले पत्ता लगाउन सकेन वा चाहेन । बुढो बितेपछि चारै दाजुभाईलाई प्रजातन्त्र प्राप्त भयो । प्रजातन्त्र प्राप्त भएपछि तिनै दाजुभाई जे भएपनि आपसमा बाँड्ने तर एउटालाई वाइपास गरेर हिंड्न थाले । सोझो तथा शान्त प्रवृतिका भाईले आफ्नो अधिकारका विषय वस्तुलाई उठाउन सुरू गरे तर पनि केही लागेन । ती तिनै भाई मिलेर एउटालाई बेला बेलामा बेसरी कुटपिट गरी घाईते बनाउन थाले । आखिरमा तिनै दाजुभाई गाणतन्त्र र लोकतन्त्र प्राप्त गरे तर आफ्नो भाईलाई अधिकार दिएन र धोखेबाज, विद्रोही र समाजलाई टुक्रयाउने प्रवृतिको हो भनि विभिन्न आरोपहरू लगाउन थाले र अन्तमा ती एक्लै भएका भाईले पनि आफ्नो अधिकार प्राप्तिका लागि समूह उपसमूह गठन गर्न थाले । तर तिनटै भाईहरू मिलेर समाजमा अराजकताको माहौल बनाउन थाले र फोहर राजनीति आफ्नो मधेश क्षेत्रमा स्थापना गरेर नै छाडे । ती बुढो चार वटै छोरा जस्तो आफ्नो देशको अवस्था भएको हो ।

आज मधेशमा ठूला वडा कोही छैन । ठूलाहरू साना हुन थालेका छन् र सानाहरू ठूला हुन थालेका छन् । मधेशमा आज फोहर राजनीतिका कारण अराजकता बढ्न थालेका छन् । मधेश जल्दै छन् । कोही पनि मधेशको आगोलाई निभाउनको सट्टा अझ त्यसमा घ्यू थप्ने काम गर्दैछन् । मधेशमा विभिन्न चरणका आन्दोलन भयो । मधेशको राजनीतिलाई कमजोर बनाउने प्रयास तीनदाजु भाईबाट हुँदै गयो । जेठो भाई कांग्रेसले पनि मधेश र मधेशीसँग छल गरेकै हो । माहिलो भाई नेकपा एमालेले तलाई केही दिन्न जे गर्न सक्छस् गर भनिरहे । बढी हल्ला गर्छस् भने टाउकोमा गोली हान्ने हाम्रो वानी हो भन्ने प्रवृत्ति देखाए । टाउको उडाई दिन्छौ भनेर धाक देखाउँदै छन् भने कान्छो भाई नेकपा माओवादी केन्द्रले फकाउने फुलाउने काम मा लागेका छन् ।

यो बेचारा सानो भाई राजपा निरीह र बेसहारा भएका छन् । कसले के दिने हो र आफ्नो खेतीलाई अगाडी बढाउने आशमा बसेका छन् । संविधान बन्यो, अधुरो बन्यो भनेर बुझ्नेहरूले आन्दोलन सुरूवात गरे, संविधानमा आफूलाई पाउनु पर्ने सुविधाहरू तिनटै दाजुभाईले राखे चौथो राजपाले केही पाएन । देश कानुनविहीन भएको छ, अराजकता बढेर गएको छ । मधेश अशान्त छ । कसले यसलाई व्यवस्थित गर्ने । गोली हानेर नै व्यवस्थित हुनेछ भने मधेशलाई पुरै सखाप गरि दिए पनि हुन्छ । देशको मधेश बाहेक अन्य भागमा सबभन्दा शान्त र विकास तर्फ अग्रसर भएको छ । तर मधेशलाई अशान्त, अराजकतातर्फ राष्ट्रले धकेलिरहेको छ ।

मधेशको राजनीतिक अवस्था, सामाजिक अवस्था, आर्थिक अवस्था, शैक्षिक अवस्था सबै बर्बाद भएको छ । कही अनुशासन छैन, उदण्डता बढेर गएको छ । कोही कसैसँग कम छैनन् । कानुन कमजोर भएका छन् । यहाँका हरेक निकाय बिकाउ भैसकेको अवस्था छ । राम्रो दाम दिने व्यापारी हुनुपर्यो । यी सबै अराजकता नै हो । एक आपसमा मेलमिलाप छैन । सानो तिनो झैझगडा भयो कि अदालत वा प्रहरी प्रशासन समक्ष नतमस्तक हुन पुग्छन् । स्थानीय स्तरमा मेलमिलापकर्ताहरू बसेका छन् तर उनीहरूको आफैमा मेलमिलाप छैन भने अरूलाई के मेलमिलाप गराउन सक्छन् । प्रहरी प्रशासन वा अदालतमा पुगेर त भन्दा म बलियो भनेर सावित गर्न भ्याएसम्म खर्च गर्न पछि पर्दैन र कुर्सीमा सजिएर बसेका राष्ट्र सेवकहरू वाह वाह गरेर एक अर्काको मनोवललाई हावा दिएर हिम्मत बढाउदै आफ्नो मनोकामना पुरा गर्नमा व्यस्त हुन्छन् ।

एउटा मैथिलीमा कहावत छ कि "लटकले बेटा त गेलै बेटा" त्यस्तै यहाँ एकपटक फस्यो त्यो सदाका लागि फस्दै जान्छन्, अवस्था यस्तो भएको छ । आज एकले अर्कामाथि विश्वास गर्न छाडिसकेका छन् । सर्वसाधारणको कुनै निकायमा पहुँच छैन र विचोलियाहरूले पहुँच बनाउन दिइरहेका छैनन् । दलितका लागि आएका बजेट कुनै एक दलितले आफ्नो खल्तीमा हाली करोडपति भएका छन् । कुनै दलितका नेता दलित कोटाबाट मन्त्री भएर अरूका श्रीमतिलाई आफ्नो श्रीमति बनाउनमा व्यस्त भएका छन् । पिछडावर्गका लागि आएका बजेट डिक्का महासंघले एक आपसमा भागबण्डा गरी धनि बन्ने प्रयासमा लागेका छन् ।

शिक्षाको वास्तविक बजेट कति हो कसैलाई थाहा छैन । स्वास्थ्य मानिसका लागि अति आवश्यक महत्वपूर्ण कुरा हो । त्यस क्षेत्रमा आएका बजेट महिनौं महिना तालिम गोष्ठि गरेर सिध्याउँदै छन् । स्थानीय निकाय जो जनतासँग प्रत्यक्ष सरोकार राख्ने निकाय हो । जनताले गर्नु पर्ने विकास निर्माणका कार्य वडा सचिवहरू केही स्थानीय नेताहरूलाई कमिसनको प्रलोभन दिई अमानतमा काम गराई लाखौं लाख कमाउनमा व्यस्त भएका छन् ।

वडा कार्यालय होस् वा नपा कोही अछुतो छैन । समान्य सिफारिस लिन पनि दस्तुर वाहेकको नजराना चढाउनु भएन भने काम हुन्छ भने आश नगरे पनि हुन्छ । जिल्लाको प्रमुख बस्ने स्थान पनि फोहर भएको छ । वडा सचिवहरूले १६ वर्षको बालकको नागरिकताका लागि सिफारिस गरेर पठाइ सकेपछि त्यो बालकको उमेर बाटोमै दुई वर्ष बढिसकेको हुन्छ । दक्षिणा दिएपछि जे पनि पाउने जस्ता महान देशका नागरिक हामी हौ । हामीलाई आफैमा गौरवान्वित हुनुपर्छ । चाहेको बेला जे पनि गर्न सक्छौ कति दर्जन कति दर्जन राजनीतिक पार्टी भइसकेका छन् । हरेक सानो ठूलो पार्टीबाट मन्त्री भएकै हुन्छ । त्यसकारण हाम्रो प्रत्यक्ष सम्पर्क मन्त्रीसँग भएपछि हामी कमजोर हुने कुरै भएन । त्यसको फलस्वरूप हामी भित्रको डर हराएर गएको छ । हामी अराजकतातिर बढिरहेका छौ । हामीमा कानुनको डर भय रहेन । यो अवस्था विशेष गरेर मधेशमा भएको छ ।

आज मधेश हरेक क्षेत्रमा पछि परेको छ र यसको मुख्य दोषी ठुला राजनीतिक दलहरू छन् । मधेशलाई बिगार्ने काम यी ठुलै दलबाट भएको हो । आज मधेशका राजनीतिक दलहरूको खेल्ने मैदान भएको छ । मधेश खेल्ने मैदान र मधेशी फुटवल जो कोही आएर गोल गर्ने प्रयास गर्दैछन् । कही कही लेखिएको हुन्छ हिमाल, पहाड, तराई कोही छैन पराई, यो लाइन पढ्दा आर्श्चय लाग्छ । यो लेखाईको उदेश्य केही क्षेत्रबाट पुरा भएको छैन । तर तराईले यसको सही अर्थ सम्झेर महाभूकम्पका बेला हृदयलाई खोलेर को हो को होइन सबै नेपाली हौ भनेर सहयोग गर्नमा कति पनि पछाडी परेन । हिमाल पहाड,तराई कोही छैन पराई , यसको अर्थ सम्झेर कार्य गर्छौं भने कोही आफ्नो अधिकारबाट बंचित रहदैन । कुनै क्षेत्र खेलको मैदान बन्ने छैन कहीको जनता फुटवल बन्ने छैन । कसैलाई टाउकोमा गोली हान्ने अवस्था आउँदैन । कहि अराजकताको जन्म हुँदैन कोही १ न. र २ . को नागरिक हुँदैन । कोही सानो ठुलो हुँदैन । मन कर्म बचनले हामी नेपाली बन्ने प्रयास गरौं । हामी पहिला नेपाली बनौं त्यसपछि हामी आ आफ्नो स्थानमा जे छौं त्यहीं रहने छौं । त्यो अधिकार हामीबाट कसैले लिन सक्दैन । अन्तमा माता जानकी र बाबा जलेश्वरनाथले सवैलाई सद्वुद्धि प्रदान गरोस् भन्ने कामना ।

# 'सुनौला हजार दिन आयोजनाले महिलाहरूलाई चेतना जगायो'

राकेश यादव, रौतहट । रौतहट जिल्लाको गौर नगरपालिका १२ साविक गाउँ विकास समिति मुड़वालबा वार्ड नम्बर १ मा सञ्चालन रहेको सुनौला हजार दिन आयोजनाअन्तर्गत किशोरीहरूलाई एक कार्यक्रमबीच शैक्षिक सामग्री वितरण गरिएको छ ।

स्थानीय नेमधारी बासुदेव माध्यमिक विद्यालयमा कमला आर आर एन आई समूहद्वारा आयोजित किशोरी शिक्षा विस्तार सम्वन्धी एक दिवसीय प्रशिक्षण कार्यक्रममा सहभागी भएका किशोरीहरूलाई स्कुल बैग, कापी, कलम, सीसा कलम, स्केल, इंस्टुमेंट बक्स, सामान्य ज्ञान, रेजर, कटर, स्टेफ्री पैड सहितको शैक्षिक सामग्री वितरण गरिएको हो । विगतका वर्षदेखि संचालित योजना अन्तर्गतको यस वर्ष पहिलो साइकलको किशोरी शिक्षा विस्तार कार्यक्रम प्रभावकारी ढंगबाट सञ्चालन भैरहेको कार्यक्रमका विशेष अतिथि शिक्षक मनोज यादवले बताएका छन् ।



सुनौला हजार दिन आयोजनाअन्तर्गत किशोरीहरूलाई वितरण गरिएको शैक्षिक सामग्री ।

सुनौला हजार दिन आयोजनाबाट गर्भवती महिला तथा सानो बच्चाको विकासदेखि युवतीहरूको शिक्षामा राम्रो भूमिका निर्वाह गरेको हुँदा कार्यक्रम जिल्लामा अझ केहि वर्ष सञ्चालन हुनु पर्ने धारणा राखेका छन् ।

१००० दिन को सुनौला अवसरलाई कसरी सदुपयोग गर्ने भनी यो आयोजनाले महिलाहरूलाई चेतना जगाएको शिक्षक यादवले बताए ।

कार्यक्रममा शैक्षिक सामग्री हस्तान्तरण गर्दै विद्यालयका प्रधानाध्यापक रविशंकर यादवले यो कार्यक्रमले बालिकाहरूको शिक्षातर्फ ध्यानकेन्द्रित गरेकोले यसलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका छन् ।

विद्यालयमा अध्ययन गर्ने बालिकालाई शैक्षिक सामग्रीबाट मद्दत पुगेको उनको भनाइ रहेको छ । प्रशिक्षण कार्यक्रमका प्रशिक्षक महिला स्वास्थ्य कार्यकर्ता शिवा देवी यादव र प्रमिला अधिकारीले किशोरीहरूलाई शिक्षा, स्वास्थ्य तथा व्यक्तिगत सरसफाईको विषयमा जानकारी गराएको कार्यक्रमका कोच अजय साहले जानकारी दिएका छन् ।

कार्यक्रममा उपस्थित व्यक्ति, प्रशिक्षकद्वयले सामूहिक रूपमा शैक्षिक सामग्री किशोरीहरूलाई प्रदान गरेको समूहका अध्यक्ष हरिकिशोर यादवले बताएका छन् । शैक्षिक सामग्री ७० जना किशोरीहरूलाई वितरण गरिएको छ ।

# जनचेतनाले शौचालय बनाउन बढे

जलेश्वर । महोत्तरी गाउँपालिकाको वडानं. ४ डाम्हीमडै बस्ने बहादुर सदाको परिवार पहिला जस्तो दिसा गर्न बाहिर जाने गरेका छैनन् । ३ छोरा बुहारी र नातिनातिना गरी १३ जनाको परिवार रहेको सदाले विगत अढाई महिनादेखि कोही पनि घरका सदस्य बाहिर दिसा गर्न नगरेको बताए । तराईमा आर्थिक, शैक्षिक, सामाजिक, साँस्कृतिक हरेक तवरले पछाडि परेका र पारिएका समुदायको रूपमा पहिचान बोकेका सदाले (मुसहर समुदाय) अढाई महिना पहिला घरमै बनाएका आफ्ना शौचालयमा नै घरका सबै सदस्यहरू जाने गरेको बताए ।

सो टोलमा बसोबास गर्ने मुसहर समुदायका ३० भन्दा बढी परिवारमा अहिले शौचालय निर्माण गरिएकोले सो टोलले अहिले परिचय फेर्न लागेको सरसफाई कार्यमा जनचेतना जगाउन मुख्य भुमिका खेलेका दलित जनजाति उत्थान संघका कार्यक्रम संयोजक पूर्ण वहादुर वसेलले बताए ।

फन्ड वोर्डको सहयोगमा महोत्तरी दलित जनजाति संघले एक वर्ष अगाडीदेखि यो टोलमा खुला दिसा मुक्त अभियान बनाउने कार्यमा निरन्तर लाग्दै आएका छन् । अहिले पनि लक्ष्य प्राप्ती नभएपनि तराईका मुख्य पिछ्डिएका जाति तथा समुदायका रूपमा चिनिएका मुसहर समुदायले शौचालय बनाउनु र दिसा पिसाबको लागि बाहिर नजानु आफुहरूको सफलता भएको कार्यक्रम संयोजक वसेलले बताए ।

डाम्ही मडैका बहादुरले पहिला पहिला लोटा लिएर बन तिर बिहान साँझ जानु आफुहरूको दैनिकी रहेको बताउनुहुदै सरहरूले पटक पटक आएर बाहिर दिसा पिसाब गर्दा हुनसक्ने समस्याहरूबारे जानकारी गराएपछि आफूहरू घरमै शौचालय बनाएको बताए । जग्गा जमिन नहुने, भएपनि थोरै हुने, आर्थिक सवलता नहुने समस्या हाम्रो समुदायमा रहेको बताउँदै बहादुरले यी समस्याले गर्दा सबैले घरमा शौचालय बनाउन नसकेको स्पष्ट गरे ।

घरमा शौचालय बनाएपछि अहिले समाजमा आफुहरूलाई हेर्ने दृष्टिकोणमा समेत वदलाव हुदै आएको बताउँदै बहादुरले यसको लागि निरन्तर शौचालय बनाउन दवाव दिने संस्थालाई धन्यवाद दिए ।

डाम्हीमडैमा अहिले पनि ३० प्रतिशतभन्दा बढीघरमा शौचालय बनाउन बाँकी रहेको बताउनुहुदै महोत्तरी दलित जनजाति उत्थान संघका अध्यक्ष श्यामकुमार दासले भने, 'हामी आफ्नो कामलाई निरन्तरता दिइरहेका छौं ।' सो टोलका माओवादी केन्द्रका नेता तथा युवा रंजित अधिकारीले गाउँलाई खुल्ला दिसा मुक्त अभियानका लागि आफूहरूले सक्दो सहयोग गरिरहेको बताउँदै दलित समुदायले गरिरहेको शौचालय निर्माणले खुशी बनाएको बताए । त्यसैगरी सोही ठाउँमा फर्निचरको व्यवसाय गदै आउनुभएका रामजतन साहले आफुले शौचालय निर्माणको लागि दलित, गरिबलाई १० वटा ट्वाइलेटको ढोका सहयोग गर्ने बताउँदै गाउँलाई चाँडो भन्दा चाँडो खुल्ला दिसामुक्त गरिने कार्यमा आफूहरू अगाडी बढेको बताए ।

सोही संस्थाले काम गरिरहेको मझौराविसनपुरका गाउँ स्तरीय सरसफाई समितिका संयोजक तेजनारायण यादवले अबदेखि प्रशासनले बाहिर दिसा, पिसाब गर्नेहरूलाई पक्राउ गर्नुपर्ने वताए । उनले आफुहरूले जति सम्झाई, बुझाई र ईज्जतको दुहाई दिए पनि काम नलागेको बताउनुहुदै अब प्रहरी प्रशासनले यसमा सहयोग गर्नुपर्ने बताए ।

## मधेश अपडेट

### सरकारको निर्णयबाट हुने कार्य पूरा गरे राजपा निर्वाचनमा जान्छ : ठाकुर



वीरगन्ज । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलीय संयोजक महन्थ ठाकुरले सरकारको मन्त्रिपरिषद्बाट हुने कार्यहरू पूरा भए आफूहरू तेस्रो चरणको निर्वाचनमा सहभागी हुने बताएका छन् । राजपा नेपाल पर्साले बहुदराई गाउँपालिकाको विश्रामपुरमा आयोजना गरेको पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ठाकुरले यस्तो कुरा बताएका छन् । उनले संविधान संशोधन नगरेपनि जनसंख्याका आधारमा निर्वाचन क्षेत्र, आन्दोलनका क्रममा मृत्यु भएकालाई शहीद घोषणा, घाइतेलाई उपचार खर्च र मुद्दा फिर्ता सरकारले गरे निर्वाचनमा सहभागी हुने वातावरण बन्ने धारणा राखे ।

### राजपाको बैठक बोलाउन माग



रबिन्द्र प्रताप गुप्ता, भैरहवा । राष्ट्रिय जनता पार्टी नेपालको प्रदेश नम्बर ५ स्तरीय बैठकले केन्द्रीय समितिको बैठक साउन १५ गते भित्र बोलाउन माग गरेको छ । भैरहवामा सम्पन्न बैठकले सो निर्णय गरेको पार्टीका वरिष्ठ नेता तथा रूपन्देही क्षेत्र नम्बर ६ का सांसद सर्वेन्द्रनाथ शुक्लले बताए । 'बैठकमा दुई वटा निर्णय गरेका छौ, एउटा साउन १५ गते भित्र बैठक बोलाउने र दोस्रो केन्द्रीय कार्यसमितिको बैठक बोलाई निर्वाचन आयोगमा प्रस्तुत भएको सबै दस्तावेजहरू माथि छलफल गर्ने र पार्टीको विधान तथा सञ्चालन लोकतान्त्रिक पद्धति अनुसार गर्ने भन्ने निर्णय भएको छ', नेता शुक्लले जानकारी दिए । शुक्लले भने, 'बैठकमा अधिकांशको माग केन्द्रीय समितिको बैठक तत्काले बोलाई अहिले देखिएका भ्रमहरू चिर्न र सञ्चालन लोकतान्त्रिक तरिकाले गर्नु पर्छ भन्ने माग रहयो र सोही अनुसारको निर्णय गऱ्यौं ।' आइतबार भैरहवामा बैठक भइरहँदा पार्टी फुटेको भनेर आएको समाचार निराधार, कपोकल्पित र कुनै सत्यता नभएको पार्टीका केन्द्रीय सदस्य हजरत अलीले बताए । बैठकमा शुक्लसहित नेताहरू सहअध्यक्ष हृदयेश त्रिपाठी, ओम प्रकाश यादव गुलजारी सहित रूपन्देही नवलपरासी, कपिलवस्तु, बाँके, दाङ लगायतका जिल्लाबाट केन्द्रिय स्तरका नेताहरू आएका थिए ।

### संशोधनपछि निर्वाचन : उपप्रधानमन्त्री महरा

दाङ । उपप्रधान तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महराले संविधान संशोधनपछि प्रदेश नम्बर २ को निर्वाचन हुने दाबी गरेका छन् । उनले संविधान संशोधनका लागि नेकपा एमालेले पनि सघाउने बताए । प्रेस सेन्टर दाङले घोराहीमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले सबै दललाई सहमतिमा ल्याएर मात्र चुनाव गराउनको लागि यसअघि सरकारले दुई नम्बर प्रदेशको चुनावको मिति सारेको स्पष्ट पारे ।

### ४ सय १२ पटक अनुगमन

दिनेश ठाकुर, नेपालगन्ज । क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय बाँकेले आर्थिक वर्ष ०७३/०७४ सालमा ४ सय १२ पटक अनुगमन गरिएको छ । क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय बाँकेले शुक्रबार नेपालगन्जमा पत्रकार सम्मेलन गरि खाद्य, दाना, उद्योग, होटल, रेष्टुरेण्ट गरि ४ सय १२ पटक अनुगमन गरिएको जनाएको छ । जस अनुसार बाँकेमा १ सय ६१ पटक, दाङमा १ सय ३९ पटक, सुर्खेतमा ९१ पटक, दैलेखमा ७ पटक, सल्यानमा ५ पटक, प्युठानमा ४ पटक र बर्दियामा ५ पटक अनुगमन गरिएको कार्यालयका आद्य अनुसन्धान अधिकृत विवेक कुमार बन्जारेले अनुगमन गरिएको बताए । क्षेत्रिय खाद्य कार्यालय नेपालगन्जले आर्थिक बर्ष भित्रै विभिन्न जिल्लाहरूमा सयुक्त बजार अनुगमन टोलीसंग अनुगमन समेत गरेको छ । जसअनुसार बाँकेमा २४ पटक सयुक्त अनुगमन गरिएको छ । दाङमा १७ पटक, बर्दियामा २ पटक, सुर्खेतमा ९ पटक, दैलेखमा, १ पटक सयुक्त अनुगमन गरिएको छ । अनुगमनका क्रममा म्याद नाघेका, लेवल नभएका खाद्य पदार्थहरू जफत गरि नष्ट समेत गरिएको अनुसन्धान अधिकृत बन्जारेले बताए । यस्तै बाँकेमा ४ सय ५० पटक नमुना संकलन गरिएको कार्यालयले पत्रकार सम्मेलनमा जानकारी गराएको छ ।

### मेसिनद्वारा धान रोपाइ सुरू

चन्द्रकान्त खनाल, रूपन्देही । पहाडी जिल्ला गुल्मीमा पहिलो पटक आधुनिक प्रविधिको मेशिनबाट धान रोपाई सुरू भएको छ । धुर्कोट गाउँपालिकामा जिल्लामै पहिलो पटक मेशिनबाट धान रोपाई सुरू गरिएको हो । राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषको सहयोग र जनविकास केन्द्र गुल्मीद्धारा संचालित जलवायु परिवर्तन मैत्रि कृषि प्रविधि तथा जन उत्थान प्रर्वधन कार्यक्रमले सो गाउँपालिकामा धान रोप्ने मेशिन प्रदान गरेको थियो । उक्त मेशिन आफु सहितको विजयी टिमले गरेको धुर्कोट गाउँपालिका प्रमुख भुपाल पोखरेलले बताए । आधुनिक मेसिनद्धारा धान रोपिएको हो ।धुर्कोट गाउँपालिकामा नेपाली कांग्रेस र माओवादी केन्द्रको संयुक्त विजयी प्यानलले चुनाव ताका गरेको प्रतिबद्धता अनुरूप उक्त मेशिन झिकाएर जिल्लामै पहिलो पटक त्यस गाउँपालिकामा मेशिनले खेत रोपाई सुरू गरिएको हो ।

### सवारी कारबाहीबाट करोडौं राजश्व असुली

कपिलवस्तु । महिनौंदेखि जनचेतना कार्यकम दिँदै अएको ट्राफिक प्रहरी कपिलवस्तुले सवारी कारबाहीबाट यस वर्ष १ करोड ५६ लाख ४५ हजार ५ सय रूपैयाँ राजश्व संकलन भएको छ । जिल्ला ट्राफिक प्रहरी कपिलवस्तुले आर्थिक वर्ष २०७३/०७४ को साउनदेखि असारसम्म कूल २६ हजार ५सय १३ सवारी कारवाहीबाट सो राजश्व संकलन गरेको हो । आर्थिक वर्ष ०७२/७३ को २४ हजार ५सय ७० सवारी कारबाहीबाट ट्राफिकले ९८ लाख ९५ हजार ९सय रूपैयाँ राजस्व असुली गरेको थियो । गतवर्षको दाँजोमा यस वर्ष ट्राफिकले ५७ लाख ४९ हजार ६ सय रूपैयाँ बढी राजश्व संकलन गर्न सफल भएको ट्राफिक प्रहरी निरीक्षक अमर बहादुर कार्कीले जानकारी दिए । यसवर्ष ट्राफिक नियम उल्लंघन गर्ने सवारी संख्यामा १९ सय ४३ बढी भएको कार्कीले बताए । यसवर्ष सवारी कारबाहीमा सबैभन्दा बढी ट्रक परेका छन् ।

### सहायक जिशिअमाथि नासुद्वारा कुटपिट

जनकपुरधाम । जिल्ला शिक्षा कार्यालय धनुषाका सहायक जिल्ला शिक्षा अधिकारीलाई कार्यालयकै नायब सुब्बाले चप्पलले कुटपिट गरेका छन् । सहायक जिशिअ मोहीलाल यादवलाई सोही कार्यालयमा विद्यालय प्रशासन फाँटमा कार्यरत् नासु अनिलकुमार रायले चप्पलले कुटपिट गरेका छन् । अवैध निजी विद्यालयलाई कारबाही किन गरेको भन्दै नासु रायले सहायक जिशिअमाथि दुर्व्यवहार समेत गरेको आरोप छ । नासुले बिना दर्ता संचालनमा रहेको विद्यालयलाई किन कार्वाहीको लागि पत्र काटेको भन्दै गालीगलौज गर्दै कार्याकक्षमै सोमबार झापड र चप्पलले हानेका हुन् । अवैध रूपमा सञ्चालनमा रहेका निजी विद्यालयलाई नियन्त्रण गर्न यादवको संयोजकत्वमा सात सदस्यीय टोली गठन गरी असार २५ गतेदेखि जनकपुर नगरक्षेत्रका विभिन्न विद्यालयमा अनुगमन गरिएको हो । नासु रायले ५० हजार रूपैयाँ लिएर बसहियामा संचालित बिना कुनै भौतिक पूर्वाधार र बिना दर्ता संचालनमा रहेको शिवशंकर बोर्डिङ स्कुलको कागजात कानुन संगत रहेको र यसलाई किन बन्द गर्न निर्देशन दिएको भन्दै गालिगलौज गरी कुटपिट गरेका प्रत्यक्षदर्शीले बताएका छन् । पीडित यादवले आफूमाथि दुर्व्यवहार गर्नेमाथि अहिलेसम्म कुनै किसिमको कारबाही नभएको गुनासो गरेका छन् । दुर्व्यवहार गर्नेमाथि कडाभन्दा कडा कारबाही हुनुपर्ने उनले धारणा राखेका छन् ।

राष्ट्रिय साप्ताहिक
मधेशवाणी

# तराई–मधेशमा आइएनजिओको अबौं खर्च

**प्रकाश तिमल्सिना**




काठमाडौं । तराई-मधेशका २२ जिल्लामा एक वर्षमा मात्रै २३ अर्बभन्दा बढी रकम अन्तर्राष्ट्रिय गैरसरकारी संस्था ( आइएनजोओ) मार्फत खर्च गरिएको खुल्न आएको छ। ती जिल्लामा आर्थिक वर्ष २०७३र७४ मा सात सय ४५ वटा परियोजनामार्फत २३ अर्बभन्दा बढी रकम खर्च गरिएको हो । उक्त रकम खर्चका लागि ७३ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था झापादेखि कञ्चनपुरसम्मका भित्री मधेशसहितका २२ जिल्लामा सक्रिय थिए ।

कैलालीमा सबैभन्दा बढी ५२ वटा र नवलपरासीमा सबैभन्दा कम २२ वटा परियोजना अन्तरा्ष्ट्रिय गैरसरकारी संघसंस्थाले चलाएका थिए। अर्थ मन्त्रालयअन्तर्गतको वैदेशिक आर्थिक सहायता तथा समन्वय महाशाखामा उपलब्ध भई रेकर्ड भएअनुसार उक्त तथ्यांक देखिएको हो। ती जिल्लामा सबैभन्दा बढी अमेरिकाका २६ वटा, बेलायतका १४ वटा, जर्मनीका चार वटा, स्विट्जरल्यान्डका ४ वटा गैरसरकारी संस्थासमेत सक्रिय भएको पाइयो। सबैभन्दा बढी चितवनमा दुई अर्ब रकम खर्च भएको छ भने त्यसपछि रूपन्देहीमा एक अर्ब ९१ करोड रूपैयाँ खर्च भएको छ। कैलाली, महोत्तरी, मकवानपुर, बाँके र सुनसरीमा एकरएक अर्बभन्दा बढी रकम खर्च भएको छ। सर्लाहीमा पनि करिब एक अर्ब रूपैयाँ खर्च भएको देखिन्छ।

मधेश मामिलाका विश्लेषक तुलानारायण साहले 'सबै आइएनजिओले गलत काम नगरेको' बताए। तर, निरन्तर अनुगमन गर्न आवश्यक रहेको उनले औंल्याए। 'महिला, दलित र पिछडावर्गको क्षेत्रमा एनजिओरआइएनजिओले ठूलो काम गरेका छन् तर सबै एनजिओरआइएनजिओले राम्रो काम गरेको मान्न सकिन्न,' साहले नागरिकसँग भने, 'कोही कुलो बनाएर नहर बराबर रकम खाने पनि छन्। ती संस्थालाई चिन्न सक्नुपर्छ।'

मधेश मामिलाका अर्का जानकार विजयकान्तलाल कर्णले मधेशमा आइएनजिओको लगानी नदेखिएको बताए। 'धेरै आइएनजिओहरू बिलभपाई गरेर खान्छन्, जसले गर्दा तिनीहरूको काम नदेखिएको हो', कर्णले नागरिकसँग भने, 'त्यसैले पनि कुन कुन आइएनजीओले केकस्ता क्षेत्रमा लगानी गरेका छन् भन्ने विषयमा खोजबिन हुनुपर्छ।'

प्रदेश नम्बर १ अन्तर्गतका झापामा २७ वटा परियोजनामार्फत ६१ करोड २६ लाख ७७ हजार, मोरङमा ३० वटा परियोजनामार्फत ८२ करोड ९० लाख ८४ हजार एक सय रूपैयाँ र उदयपुरमा २७ वटा परियोजनामार्फत ९७ करोड ४९ लाख २० हजार रूपैयाँ खर्च भएको छ ।

प्रदेश नम्बर २ अन्तर्गत सप्तरीमा २८ वटा परियोजनामार्फत ८४ करोड ८३ लाख ४७ हजार सात सय, सिरहामा ३० वटा परियोजनामार्फत ८४ करोड ३७ लाख पाँच हजार पाँच सय, धनुषामा ३७ वटा परियोजनामार्फत ८६ करोड ५५ लाख ६५ हजार आठ सय, सर्लाहीमा ३७ वटा परियोजनामार्फत ९९ करोड ८२ लाख ५३ हजार सात सय, रौतहटमा ३४ वटा परियोजनामार्फत ९० करोड ५३ लाख ९२ हजार ६ सय, बारामा ३१ वटा परियोजनामार्फत ८६ करोड ३७ लाख ६९ हजार नौ सय, पर्सामा ३१ वटा परियोजनामार्फत ९० करोड २१ लाख ७७ हजार नौ सय रूपैयाँ खर्च भएको छ ।

प्रदेश नम्बर ३ अन्तर्गतका मकवानपुर र चितवनमा भने सबैभन्दा बढी खर्च भएको छ। चितवनमा एक अर्ब ९९ करोड ९२ लाख ५५ हजार तीन सय रूपैयाँ ३७ वटा परियोजनामार्फत खर्च भएको छ भने मकवानपुरमा एक अर्ब २३ करोड ९१ लाख २६ हजार तीन सय रूपैयाँ खर्च भएको छ ।

प्रदेश नम्बर ५ अन्तर्गत नवलपरासीमा २२ वटा परियोजनामार्फत ५९ करोड ९५ लाख ५० हजार, रूपन्देहीमा ३६ वटा परियोजनामार्फत एक अर्ब ९१ करोड ८१ लाख तीन हजार एक सय, कपिलवस्तुमा २५ वटा परियोजनामार्फत ६५ करोड २३ लाख ६३ हजार सात सय रकम खर्च भएको देखिएको छ।

यसैगरी, बाँकेमा एक अर्ब ६ करोड ३१ लाख ६८ हजार रूपैयाँ ४४ वटा परियोजनामार्फत खर्च भएको छ भने बर्दियामा ३६ वटा परियोजनामार्फत ५३ करोड ९९ लाख ७९ हजार पाँच सय रूपैयाँ खर्च भएको छ ।

प्रदेश नम्बर ७ का कैलाली र कञ्चनपुरमा ८६ वटा परियोजनामार्फत झन्डै दुई अर्ब ४२ करोड बराबर रकम खर्च भएको छ। कैलालीमा एक अर्ब ६४ करोड २७ लाख ६४ हजार र कञ्चनपुरमा ७८ करोड ५१ लाख ४१ हजार पाँच सय रकम खर्च भएको छ । कैलाली र कञ्चनपुरमा क्रमशः ५२ र ३४ वटा परियोजना सञ्चालनमा थिए ।

अर्थ मन्त्रालयको वैदेशिक आर्थिक सहायता तथा समन्वय महाशाखाका प्रमुख वैकुण्ठ अर्यालका अनुसार विभिन्न आइएनजिओले गर्ने खर्चको रेकर्ड मात्रै अर्थ मन्त्रालयले राख्दै आएको छ। उनले भने, 'कहाँकहाँ कुनकुन प्रयोजनका लागि कता र कति खर्च गर्ने? भन्ने निर्क्योल समाजकल्याण परिषद्ले गर्छ।' महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका सहप्रवक्ता डोलिन्द्र निरौलाका अनुसार आइएनजिओले गर्ने कामको निरन्तर अनुगमन भइरहेको छ। 'आइएनजिओले सही काम गरेरनगरेको भन्ने अनुगमन कार्य निरन्तर भइरहेको हुन्छ,' निरौलाले नागरिकसँग भने, 'जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यलय र स्वतन्त्र विज्ञ, अडिटरमार्फत अनुगमन हुनेछ । सही काम नगर्ने आइएनजिओलाई रोक लगाइन्छ ।

(साभार : नागरिक दैनिकबाट)

# महोत्तरीमा ५२ जना एचआईभी/एडस संक्रमित रोगी फेला

जलेश्वर । महोत्तरी जिल्लामा दुई वर्षको अवधिमा ५२ जना एचआईभी/एडस संक्रमित रोगीहरू फेला परेको र सोमध्ये गत पुसमा एकजनाको मृत्यु समेत भइसकेको शुक्रबार आयोजित एक कार्यक्रममा जानकारी दिइएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीले शुक्रबार आयोजना गरेको एचआईभी एड्स सम्बन्धी वार्षिक समिक्षा गोष्ठीमा यस्तो जानकारी दिइएको छ ।

स्वास्थ्य कार्यालय अन्तर्गतको एचआईभी एडस फाँटका विश्वनाथ यादवले आर्थिक वर्ष २०७२/०७३ र ०७३/०७४ गरी दुईवर्षमा महोत्तरीमा ११ बर्थिंग सेन्टर र जिल्ला अस्पतालमा चेक गराउन आएकाहरू मध्ये ५२ जना एडसका विरामी फेला परेको बताए ।

उनले आर्थिक वर्ष २०७२/०७३ मा २४ जना र ०७३/०७४ त्यो भन्दा बढी गरी जम्मा ५२ जना फेला परेको बताए । सो मध्ये ४ जना बालबालिका समेत रहेको उनले जानकारी दिए । फेला परेका विरामीहरूमध्ये २९ जना पुरूष र १९ जना महिला रहेको उहाँले कार्यक्रममा जानकारी दिए । फेला परेका विरामीहरू मध्ये गत पुसमा एकजनाको मृत्यु समेत भइसकेको छ । तर जिल्लामा एचआईभी/एडस सम्बन्धी काम गर्ने संस्था स्पर्श नेपालले भने महोत्तरीमा २ सय २८ जना एचआईभी/एडस संक्रमित रोगीहरू फेला परेको जनाएको छ ।

घर तथा समुदायमा आधारित कार्यक्रम अन्तर्गत गरिएको सर्वेक्षणमा विगत तिन वर्षको अवधिमा महोत्तरीमा त्यत्तिको संख्यामा एचआईभी/एडस संक्रमित रोगीहरू फेला परेको सो संस्थाका एमआइएस अधिकृत चिरञ्जीवी कुमार यादवले बताए ।

उनले सो मध्ये १ सय ७६ जना नियमित सेवा लिइरहेको जानकारी दिँदै फेला परेको मध्ये २६ जनाको मृत्यु समेत भइसकेको कार्यक्रममा उहाँले जानकारी गराए ।

जिल्ला समन्वय समितिका स्थानीय विकास अधिकारी युवराज पौडेलको अध्यक्षता तथा प्रशासकिय अधिकृत शम्भुप्रसाद यादवको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा जनस्वास्थ्य अधिकृत नागेन्द्रप्रसाद यादवले स्वागत मन्तव्य राखेका थिए ।

सोही कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख स्थानीय विकास अधिकारी तथा जनस्वास्थ्य प्रमुख नागेन्द्रप्रसाद यादवले सन् २०१७ सम्ममा नेपाललाई नै पूर्ण खोप घोषणा गर्नुपर्ने रहेको बताउँदै सोही कार्यक्रमअन्तर्गत शनिबार रामगोपालपुरको खोपीलाई पूर्ण खोप वडा घोषणा गरिने जानकारी दिए । उनीहरूले जिल्लामा अहिलेसम्म ५ वटा गाउँ विकास समिति (अहिले गाउँपालिकाको वडा) मात्रै पूर्ण खोप हुन सकेको बताउँदै ६ महिनामा जिल्लालाई नै घोषणा गर्नुपर्ने बाध्यता रहेको बताएका थिए ।

# हटीयामा ठेकेदारको मनपरी दस्तुर असुल

चन्दन यादव, राजविराज । राजविराज नगरपालिकाले तोकेको दररेट भन्दा दोब्बर र तेब्वरसम्म ठेकेदारले कर वसुली गरी ठगि रहेको भन्दै स्थानीय हटियाका साना तथा मझौला फुटपाथे पसले र ब्यवासयीहरू आक्रोशित भएका छन् ।

मंगलवार साना तथा मझौला फुटपाथे पसलेहरूले पत्रकार सम्मेलनको आयोजना गरी हटिया गुदरीका लागि नगरपालिका कार्यालयले तोकेको दस्तुरभन्दा ठेकेदारले दोब्बर र तेब्वर दस्तुर वसुल्ने गरेको आरोप लगाउँदै अविलम्व यस्ता कार्य नरोकिए नगरपालिका र ठेकेदार विरूद्ध आन्दोलन थाल्ने चेतावनी समेत दिएका छन् ।

हटियावासी विशेश्वर प्रसाद साह 'विशे'का अनुसार राजविराज नगरपालिकावाट हटिया गुदरी फुटपाथ वैठकी कर संकलनका लागि ५९ लाख ५० हजारमा ठेक्का कवोल गरेका अजय अनुज कन्ट्रक्सन राजविराजले साना तथा मझौला फुटफाथ पसलेवाट तोकेको दररेटभन्दा दोब्वर तेब्वरसम्म दस्तुर वसुल गरिरहेका छन् ।

पत्रकार सम्मेलनमा चिया पसले चन्द्रकला मण्डलले फुटपाथे चिया पसलेका लागि नगरपालिकाले दैनिक २५ रूपैयाँ दस्तुर तोकेपनि ठेकेदारले आफुसँग दैनिक ५० रूपैयाँ लिने गरेको दुःखेसो सुनाउँदै यसको छानविन हुन पर्ने माग गरिन् ।

हटियामा पानी पुरी वेच्ने फुटपाथ पसले शिवशंकर साहले नगरपालिकाले २० रूपैया शुल्क तोके पनि ठेकेदारले जवरजस्ती दैनिक ३० रूपैंया लिने गरेको गुनासो पोखे । यस्तै फुटपाथे कपडा पसलेका लागि ५० रूपैयाँ तोकिएकोमा आफसँग १ सय ५० रूपैयाँ ठेकेदारले लिने गरेको अर्का फुपाथे कपडा व्यवसायी विजय साहको गुनासो थियो ।

साहले ठेकेदारहरू जवरजस्ती गर्ने र मनपरी शुल्क कायम गर्ने गरेको विषयमा पटक पटक नगरपालिकालाई जानकारी गराए पनि छानविन अघि नवढाएको गुनासो पनि पोखे । अस्तै हटियाका मनिहारी, ढाकी, चट्टिदार, लहठी, पात, सनपाटको डोरी, माटोको भाडो वेच्ने फुटपाथे पसलेहरूले समेत नगरपालिकाले तोकेको शुल्क भन्दा दोब्वर तेब्वर ठेकेदारले वसुल्ने गरेको र विरोध गर्द दुःख दिने गरेको गुनासो पोखेका छन् ।

सम्वन्धित निकायले वास्ता नगर्दा ठेकेदाराको मोनेपोली कायम भएको अधिकांशले पत्रकार सम्मेलनमा गुनासो पोखेका छन् । 'यसको नियन्त्रण स्थानीय प्रशासन र नगरपालिका कार्यालयले गर्नु पर्ने हो' हटिया निवासी रमेश गोश्वामीले भने-'तर सम्वन्धित निकाय मौन वसेकाले ठेकेदारले मनपरी कर वसुल गर्ने मौका पाएका छन् ।'

अर्का फुटपाथे पसले शंकर साहले सदरमुकाम राजविराजको एक मात्र पुरानो हटिया वजार नगरपालिकाले व्यवस्थित गर्न नसकेको गुनासो गर्दै हटियाको माछा वजारमा रहेको एक मात्र सार्वजनिक शैचालयमा समेत मनपरी शुल्क राखिएको सुनाए । 'हटियामा टाढा टाढावाट किनमेल गर्न आउने सर्वसाधारणसँग पिसाव गरेको ५ रूपैयाँ र दिशा गरेको १० रूपैयाँ दरले त्याहाका कामदारले वसुल गर्ने गरेको छ' उनले भने- 'यसवारे पनि नगरपालिकाका जिम्मेवार अधिकारी मौन छन् ।'

यता यस वारे नगरपालिकाका कार्यकारी अधिकृत उमेश यादवसँग जिज्ञासा राख्दा उनले नगर परिषदवाट पारीत दर रेट भन्दा ठेकेदारले वढि रकम वसुल गरेको पाईए नियमानुसार कारवाही गरिने स्पष्ट पारेका छन् । उनले यसअघि आफु कहाँ पीडितवाट त्यस्तो गुनासो नआएको स्पष्ट पार्दै अहिले भर्खरै प्राप्त सूचनाका आधारमा हटियामा अनुगमन गर्ने प्रतिवद्धता समेत जनाएका छन् ।

उनले नगरको आन्तरीक आयश्रोत वृद्धिका लागि गुदरी हटियामा फुटपात पसलेका लागि तोकिएको दररेट सुची सहितको फ्ल्याक्स वोर्ड भोली वुधवारै हटियाको ४ स्थानमा राख्ने उनले जानकारी दिएका छन् ।

# रौतहटमा एक अर्बभन्दा बढी रकम फ्रिज

राकेश यादव, रौतहट । रौतहट जिल्लामा गत आर्थिक वर्ष २०७३।०७४ मा विभिन्न कार्यालयले निर्धारित समयमा रकम खर्च गर्न नसक्दा १ अर्बभन्दा बढी रूपैयाँ फ्रिज भएको छ । कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटका अनुसार आर्थिक वर्षमा जिल्लाका विभिन्न सरकारी कार्यालयहरूको चालु र पुँजीगत गरी विनियोजित ८ अर्ब ६६ करोड १८ लाख ८६ हजार कुल बजेट मध्ये १ अर्ब ११ करोड ४४ लाख रूपैयाँ खर्च हुन नसकेर फ्रिज भएको हो । चालु तर्फको कुल बजेट ६ अर्ब २८ करोड ४९ लाख २२ हजारमध्ये ७८ करोड ५४ लाख तथा पुँजीगत तर्फको कुल बजेट २ अर्ब ३७ करोड ६९ लाख ६४ हजारमध्ये ३२ करोड ९० लाख फ्रि भएको कोष तथा लेखा नियन्त्रक कार्यालय जनाएको छ । चालु र पूँजिगततर्फ गरी सबैभन्दा बढी सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरको १९ करोड १६ लाख ३६ हजार, जिल्ला शिक्षा कार्यालयको १० करोड २ लाख ३० हजार, जिल्ला समन्वय समितिको १० करोड ७० लाख १३ हजार, जिल्ला प्राविधिक कार्यालयको ४ करोड २२ लाख र जिल्ला स्वास्थ्य कार्यालयको १ करोड २२ लाख ९ हजार रूपैयाँ फ्रिज भएको कोष तथा लेखा नियन्त्रक कार्यालर्यका प्रमुख उदयराज भट्टराईले जानकारी दिएका छन् ।

## संक्षिप्त समाचार

### महोत्तरीमा ओलको व्यावसायिक खेती शुरू

राकेशप्रसाद चौधरी, महोत्तरी । तरकारी तथा चटनीमा प्रयोग हुने नगदेबाली कन्दमूलरूपी ओलको ब्यबसायिक खेती शुरू भएको छ । यसै क्षेत्रबाट निर्यातित बीउबाट ५० जिल्लामा ओलखेती पुगिसकेको छ । मिथिलाञ्चलमा मनाइने बिभिन्न पर्व त्योहार एवं भोजभतेरमा ओलको तरकारी एवं चटनी प्रयोग हुन्छ । महोत्तरीको भंगहास्थित ५० बिग्हा खेतमा ओलको ब्यबसायिक खेती शुरू भएको हो । अधिकांश मिथिलावासीको घर छेउछाउ तथा बारीमा ओलको दुईचार झार भेटिनु समान्य हो । एउटा किसानले एक कठ्ठामा ओलखेती गर्दा बार्षिक ५० हजार आम्दानी गर्न सक्ने गढीमाई कृषि सहकारी संस्थाका कोषाध्यक्ष सत्यनारायण यादवले बताए । बोट खनेर छ महिनामै ओल निकाल्न सकिन्छ । ओलखेती गरिएको जग्गामा दोस्रो बालीको रूपमा यहाँका किसानले काउली खेती गर्छन् ।

### बाढीले कटान गरेको तटबन्ध पुनःनिर्माण

सिरहा । कलान नदीको बाढीले कटान गरेको तटबन्ध पुनःनिर्माण भएको छ । सिरहा र धनुषा जिल्लाको पूर्वी भेगमा रहेको कमला नदीमा अघिल्लो वर्ष धार परिवर्तन गरी आएको बाढीले सिरहाको कर्जन्हा गाउँपालिका नजिकै करिब १०० मिटर बाँध कटान गरेको थियो । तटबन्धपछि साविक सिरहाको कर्जन्हा गाउँपालिका-२ बन्दीपुरका बासिन्दा खुशी भएका छन् । बाढीले कटान गरेको स्थानमा यस वर्ष जनकपुरस्थित जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालयले स्थानीय उपभोक्ता समितिमार्फत बाँध पुनःनिर्माण गर्नुका साथै बाढी नियन्त्रणका लागि जियो ब्याग स्टर्डका तथा नौ मिटर लम्बाइ र तीन मिटर उचाइको पाँच वटा स्परसमेत निर्माण गरेको छ ।

### वृक्षारोपण कार्यक्रम सम्पन्न

वीरगंज । सहयोगी युवा कल्ब तथा गण्डक अस्पताल वीरगंजको संयुक्त आयोजनामा आज वीरगंज महानगरपालिका सुगौलीको वडा नं. २६ मा आज बृहत वृक्षारोपण कार्यक्रममा सम्पन्न भएको छ । कल्बका अध्यक्ष हरिओम पटेलको अध्यक्षता, पर्साका प्रहरी उपरीक्षक सुदिप गिरिको प्रमुख अतिथित्वमा तथा माओवादी केन्द्रका पोलिटिब्युरो सदस्य हरि मनडल, युवा नेता रह्बर अन्सारी, विद्यार्थी नेता प्रभाकर गुप्ता विशेष अतिथित्वमा उक्त वृक्षारोपण कार्यक्रम सम्पन्न भएको थियो । त्यसैगरि संघिय समाजवादी फोरम नेपाल पर्साका खुर्रम अन्सारी, नेपाली कांग्रेस पर्साका शम्भी मिश्रा, वीरगंज महानगरपालिकाका योजना अधिकृत प्रकास आमत्या, जिल्ला बन कार्यालयका प्रमुख चंद्रेस्वर लाल कर्ण, नेकपा एमालेका प्रतिनिधिको पनि उपस्थिति रहेको थियो ।

### बसको ठक्करबाट मृत्यु

मोरङ । बसको ठक्करबाट एक मोटरसाइकल चालकको मृत्यु भएको छ । विराटनगर महानगरपालिका-५ स्थित कोशी राजमार्गमा मे.१ ख.२४६७ नम्बरको बसले को.३० प.११०० नम्बरको मोटरसाइकललाई सोमबार ठक्कर दिएको थियो । मोटरसाइकल चालक रंगेली नगरपालिका-२ बबियाबिर्ता बस्ने ३० बर्षीय सुरेश भट्टराई गम्भीर घाइते भएकोले उपचारका लागि विराट नर्सिङ होम विराटनगर पठाइएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

कैलाली । मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ । बर्दगैरीया गाँउपालिका-१ बैनिया बजार स्थित पूर्वपश्चिम राजमार्गमा से.२ प ५३४१ नम्बरको मोटरसाइकल शनिबार राति अनियन्त्रित भई दुर्घटना हुँदा चालक सोही ठाउँ बस्ने ४० बर्षीय लोकराज बस्नेत र अण्डैया बस्ने २८ बर्षीया गैरी नेपाली गम्भिर घाइते भएकोले उपचारको लागि सुखड अस्पताल पठाइएकोमा लोकराज बस्नेतको मृत्यु भएको छ ।

### मोरङमा चटयाङ लागेर आमाछोरीको मृत्यु

मोरङ । जिल्लाको लेटाङ नगरपालिका - २ मा बुधबार बिहान चटचाङ लागेर आमाछोरीको मृत्यु भएको छ । घर नजिकै खेतमा काम गरिरहेको अवस्थामा चटचाङ लागेर ४७ वर्षीया चन्द्रा तामाङ र उनकी १९ वर्षीया छोरी सुष्मा तामाङको मृत्यु भएको हो । चटचाङ लागेर गम्भीर घाइते भएका दुबै जनाको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

### डुबेर एक बालिकाको मृत्यु एक असक्त

रौतहट । मौलापुर गाउँपालिका-१ बर्गीनिया बस्ने अजय पटेलकी ४ बर्षीया छोरी प्रियंसी कुमारी पटेलको पोखरीमा डुबेर मृत्यु भएको छ भने सोही ठाउँ बस्ने सिताराम पटेलको ६ बर्षीया छोरी सोनी कुमारी पटेल असक्त भएकी छिन् । सोही ठाउँमा रहेको पोखरीमा आइतबार नुहाउने क्रममा डुबेर असक्त भएका उनीहरूलाई उपचारको लागी गौरतर्फ पठाइएकोमा प्रियंसी कुमारीको बाटोमै मृत्यु भएको थियो । असक्त सोनी कुमारीको कटहरीया सामुदायीक अस्पतालमा उपचार भइरहेको छ । यस सम्बनधमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### पोखरीमा डुबेर मृत्यु

धनुषा । सबैला नगरपालिका-१० अमरखाना बस्ने रामदयाल यादवको २ वर्षीय छोरा शिवराज यादव बुधबार घर नजिकै रहेको सार्वजनिक पोखरीको डिलमा खेल्ने क्रममा पोखरीमा डुबी असक्त भएकाले उपचारको लागि जनकपुर अंचल अस्पताल लैजाने क्रममा बाटोमै मृत्यु भएको छ ।

### फार्मेसीमा आगलागीबाट ४ लाखको क्षति

मोरङ । बिराटनगर महानगरपालिका-९ स्थित डम्बरबहादुर बरालले संचालन गरेको देवकोटा भेटनरी फार्मेसी पसलमा आगलागी भएको छ । मंगलबार करेन्ट सर्ट भई आगलागी भएको थियो । आगलागी हुँदा करीब ४ लाख रूपैयाँ बराबरको धनमाल जलेर क्षति भएको छ । स्थानीयबीसन्दा र दमकलको सहयोगमा प्रहरीले आगलागी नियन्त्रण गर्नुको साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### कार्यापालिका निर्वाचन सम्पन्न

कपिलवस्तु । स्थानीय तह निर्वाचन २०७४ अर्न्तरगत कपिलवस्तुको यशोधरा गाउँपालिकाको कार्यपालिकाको निर्वाचन सम्पन्न भएको छ । जसअर्न्तरगत कार्यपालिकाको महिला सदस्यहरूमा आरती लोधिन, कमलावती चमार,इलौची कोरी र शान्ती काहार निर्वाचित भएका छन् । त्यस्तै खुल्ला अल्पसंखयक तथा अन्य वाट भिम प्रकाश धरिकार र सोकिलाल वढई निर्वाचित भएका छन् । निर्वाचित पदाधीकारीहरूलाई निर्वाचन अधिकृत रामेश्वर अर्याल र सहायक निर्वाचन अधिकृत पुनाराम पौडेलले प्रमाण पत्र प्रदान गरेका थिए ।

### कुलोमा डुबेर बालकको मृत्यु

कैलाली । जानकी गाउँपालिका-१ दुर्गौली बस्ने शेरबहादुर थापाको १८ महिनाको छोरा पुष्प थापाको शनिबार कुलोमा डुबेर मृत्यु भएको छ । घर अगाडिको पानीको कुलोमा खेल्ने क्रममा अचानक डुबेपछि आफन्तले उद्धार गरी टिकापुर अस्पताल लगेकोमा उपचारको क्रममा उनको मृत्यु भएको हो ।

### आगलागीबाट ट्याक्टरमा क्षति

रूपन्देही । सुद्धोधन गाउँपालिका-१ बेलवास्थित शम्भु चौहानको पुरानो घर अगाडि पार्किङ गरी राखेको लु.१ त ८८०८ नम्बरको ट्याक्टरमा शनिबार अचानक आगालागी हुँदा ट्याक्टरको इन्जिन जलेर क्षति भएको छ । आगलागीको कारण हाल खुल्न सकेको छैन । यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

### टाटा सुमोको ठक्करबाट मृत्यु

धनुषा । क्षिरेश्वरनाथ नगरपालिका-४ स्थित ढल्केबर जनकपुर सडक खण्डमा बुधबार बा.५ च ४५७७ नम्बरको टाटा सुमो जिपले हरैया टोल बस्ने ५० वर्षीय पैदलयात्री भोलाकाजी गुरूङलाई ठक्कर दिंदा घटनास्थलमै मृत्यु भएको छ । फरार जिप चालकको प्रहरीले खोजतलास गरिरहेको छ ।

### वर्षौंदेखि विद्युत्‌बाट वञ्चित

नेपालगञ्ज । पूर्वपश्चिम राजमार्गमा पर्ने बाँकेको राप्ती सोनारी गाउँपालिका–१ कुसुमबैरिया बजारका बासिन्दा वर्षौंदेखि विद्युत माग गर्दै आए पनि हालसम्म उनीहरू विद्युतबाट वञ्चित छन् । मुख्य राजमार्गमा रहेको बाँकेकै पुरानो बजारमध्ये एक कुसुम बैरियामा विद्युत् नपुग्दा स्थानीयले सौर्य ऊर्जा प्रयोग गरेर केहि साना पसल तथा होटल सञ्चालन गरिरहेका छन् । कुसुमबैरिया, झिम्का, सौरी, जरूवा, लौकीलगायत गाउँमा सयौं बासिन्दा अझैसम्म पनि परम्परागत टुकी बाल्न बाध्य छन् ।

# सन्दर्भ : मधेशका बुद्धिजीबीसँग ओलीको अन्तर्क्रिया

## "खस" महिमा र मधेश आन्दोलन : भाग ३७६



❖ उपेन्द्र झा

**मधेशको राजनीति सिद्धिएको छैन । मधेशको लागि छल, बल, कल प्रयोग गर्ने तीन दलको क्रियाकलाप अभिशापको रूपमा मधेशले लिएको छ । एमालेले खिंचेको विभाजन रेखा र त्यसमा सिमित गरेको मधेश, आफ्नो आकार कै कारण त्यहाँ सिमित रहन सक्दैन । उसले आफ्नो भूमिका पुनश्च खोज्छ । त्यतिबेला परिष्कृत आन्दोलनको झंझावात शीर्ष तीन दलले झेल्न सक्छ वा सक्दैन ।**

रैथाने मधेशी र भारतीय मधेशीको सर्वे गरि वर्गीकरण गर्न लगाएको एकवर्ष पछि ०७३ चैत २७ गते एमालेबाट राष्ट्रपति बन्नु भएकी विद्यादेवी भण्डारीले मधेशका बुद्धिजिवीलाई शीतल निवासमा डाक्नु भएको थियो । मधेशमा एमालेप्रतिको धारणाबारे बुझ्न राखिएको त्यो कार्यक्रममा एमाले नजिकका बुद्धिजिवीहरूको उपस्थिति रहेपनि स्वतन्त्र बुद्धिजिवीहरूले मधेशप्रति एमालेले गरि रहेको अपमानजनक व्यवहारलाई तत्काल रोकेर मधेशको मुद्दालाई सम्बोधन गर्न एमाले गम्भीर हुनु पर्ने सुझाव दिएका थिए । पहाड र मधेशको दूरी बढाउने एमालेको क्रियाकलापबाट देशलाई क्षति हुने आरोप लगाउँदै बुद्धिजिवीहरूले एमालेप्रति आक्रोश व्यक्त गरेका थिए ।

तीन महिनापछि ०७४ साल आषाढ २९ गते एमाले अध्यक्ष के.पी. शर्मा ओलीले पनि मधेशका बुद्धिजिवीहरूसंग अन्तर्क्रिया गर्ने उद्देश्यले गौशालाको एउटा होटलमा कार्यक्रम राखेको थियो । प्रदेश नं. २मा चुनाव हुन बाँकी रहेको कारणले पनि मधेशलाई रिझाउने उद्देश्यले ओलीले एमाले नजिकका बुद्धिजिवीहरूको भेला बोलाई मधेशको आवाज बुझ्न यो कार्यक्रम गरेको बुझिन्छ । एमाले प्रभावित मधेशीहरूको बाहुल्य देखिएको समूहमा मधेशप्रति आस्था राख्ने युवा बुद्धिजिवीहरूको जमात पनि देखिएको थियो । पक्षमा बोल्नेलाई समयको पाबन्दी थिएन । विपक्षमा बोल्ने मधेशी बुद्धिजिवीलाई दुई तीन मिनट पनि बोल्ने अवसर थिएन । तर पनि मधेशका युवा बुद्धिजिवीहरू विगतमा के.पी.शर्मा ओलीले मधेशलाई गरेको अपमानजनक व्यवहार र मधेश मुद्दालाई भारतीय प्रस्ताव भनेर संशोधन प्रस्तावको विरूद्धमा उभिने एमालेको अडानको विरूद्ध अनेकानेक प्रश्न गरेर जवाफ माँगेका थिए तर ती सबै प्रश्न अनुत्तरित नै रहे । ओलीले मधेशप्रति हामी समर्पित छौं भनेर गोहीको आँसू झार्न भ्याए ।

अन्यत्र ६ वटा प्रदेशमा स्थानिय चुनावमा नेपाली काँग्रेसभन्दा २० सीट बढि ल्याएर पहिलो पार्टी बन्न सफल एमाले प्रदेश नं. २ मा चुनाव हुन बाँकी रहेकाले मधेशको आक्रोशलाई शान्त पारि आफ्नो वर्चस्व कायम गर्ने प्रयासको यो एउटा श्रृँखला थियो बुद्धिजिवीको बैठक । मधेशलाई तोड्ने, फोड्ने, मधेशी नेताहरूलाई आफ्नो प्रभावमा लिने विभिन्न साजिश गरि मधेशलाई निस्तेज पारि शासन कायम राख्ने आदि कार्यमा पनि एमाले पहिलो पार्टी बनेको छ । मधेशको माँगलाई वेवास्ता गर्दै आज पुनश्च यो प्रदेशको चुनावमा पहिलो नम्बर ल्याउन षडयन्त्रको अनेक विधि अख्तियार गरेको छ । मधेशबाट नेपाली काँग्रेस र माओवादीलाई पनि एमालेले नै सुरक्षित राख्ने गरेको योगदानलाई उनीहरू पनि बिर्सेको छैन । जहाँ बसे पनि , जे गरे पनि एमालेको विरोधमा कोही जान सक्दैन । एमाले मात्र मधेशको विरोधमा रहि बदनाम भएर सबैलाई जोगाउने काम गरेपछि एमालेको योगदानलाई माओवादी र नेपाली काँग्रेस कहिल्यै बिर्सिन सक्दैन । यी दुई पार्टी मधेशसंग सहानुभूति देखाएर मधेशलाई आफ्नो पक्षमा पारेर उपद्रव गर्न दिदैन र एमाले मधेशको मुद्दा सम्बोधन हुन दिदैन । यी तीन दलको राजनीतिक साजिशको चक्रव्यूहमा मधेश फँसि सकेको छ । मित्र र दुश्मनको घेरा बनाएर मधेशलाई चारैतिरबाट घेरेर निस्तेज अवस्थामा राखेको, साजिशको यस्तो उदाहरण विरलै पाईन्छ ।

एक हप्तामा संशोधन प्रस्ताव पास गरेर चुनावमा जाने नेपाली काँग्रेसको सरकार चलन अनुसार वचन फेर्न लागेको कुनै नौलो कुरा होईन । अनुहार, व्यवहार फरक देखिए पनि वर्गीय सत्ता कायम राख्न तीनै दलहरूको चारित्रिक विशेषता एक समान छ । कसैले मित्रता गाँसेर र कसैले विरोध गरेर मधेशलाई अल्मल्याएको स्पष्ट छ । मधेशको एउटा कित्तालाई आफ्नो पक्षमा प्रयोग गरेर प्रदेश नं. १, ५ र ७ मा चुनावको परिणाम आफ्नो पक्षमा पार्न गरिएको मिहिन प्रयासमा एमाले सफल नै देखियो भने मधेश त्यो शातिरगिरीको सूक्ष्म प्रयासलाई बुझ्न सकेन । अब पालो २ नं. प्रदेशको हो । चुनावको प्रतिस्पर्धी दुई पार्टी मात्र हुन । नेपाली काँग्रेस र एमाले । बाँकी पार्टीहरू चुनावी दौडमा शक्तिहीन भएर धेरै पछाडि छुटि सके । संघीय समाजवादी फोरम, नेपालले आन्दोलन त्यागेर चुनावद्वारा मधेश कब्जा गर्ने रणनीति लिएर मैदानमा कूदेका थिए । यता मधेश आन्दोलन कमजोर पार्ने कलंक लाग्यो, उता प्रतिस्पर्धी पनि बन्न सकेन । मधेशका पार्टीहरूको फूटका कारण एमाले र काँग्रेसले राम्रो फायदा लिएको नतिजाले देखाएको छ ।

फोटो खिंचाएर सार्वजनिक गरि मधेशी जनतामा भ्रम फैलाउने उद्देश्यले गरिएको बुद्धिजिवीहरूको बैठक थियो । एमालेलाई मधेश प्यारो छैन, एकछिन प्रभावित गरेर मत लिने कामबाहेक उनीसंग किञ्चित पनि सम्बन्ध रहेको भए मधेशसंग यस्तो अपमानजनक व्यवहार किन गर्थ्यो ? नाकाबन्दी आन्दोलनताका एमालेको सरकारको पालादेखि मधेश र एमालेबीचको झगडाले मधेश र पहाडबीच स्पष्ट विभाजन रेखा कोरि दिएको छ । राज्यसत्ताको कट्टर व्यवहारले आगामी दिनमा भेदभावको यो सीमारेखा अझ प्रखर रूपमा देखिने छ ।

सामन्ती सत्ताको ठाढो आदेशमा चलेको शासन सत्तालाई जन आन्दोलनले ढालेपछि जनमुखी लोकतन्त्रको स्थापना गर्ने जनचाहना थियो । तर राजाले त्यो गर्न दिएन । पुनश्च जनमुखी लोकतन्त्रको स्थापना हेतु यिनले सयकडौं नेपाली जनताको शहादत दिएर लोकतन्त्र ल्याए । राजालाई फाले । जनमुखी भनिएको लोकतन्त्र आफ्नो वर्चस्व कायम गर्न मात्र प्रयोग गरे । एक दशकभन्दा बढि भयो, अहिलेसम्म जनमुखी लोकतन्त्रलाई अनुभूत गर्न सकेन ।

नेपाली राजनीतिमा सभ्यता, ईमान्दारिता, मानवाधिकार र लोकतान्त्रिक चरित्रको सर्वथा अभाव रहेकोले राजनीतिज्ञहरूको स्तरहीनताबाट त्यसै प्रष्ट हुन्छ । वर्गीय सत्ताले राजनीति गर्न छल, कपट, जाल, फरेब, धोखा अनिवार्य योग्यताका पूर्व शर्त निर्धारण गरेको छ । यही पंचतत्वबाट कायम रहेको वर्गीय सत्ताको अगाडि न कम्युनिष्टको साम्यवाद टिकेको छ न प्रजातान्त्रिक समाजवाद । न लोकतन्त्र, न गणतन्त्र, यसको अगाडि केही माने राख्दैन, न त्यसको मूल्य र मान्यता । वर्गीय सत्तालाई क्षति पुऱ्याउने लोकतन्त्र वा गणतन्त्रको कुनै अर्थ छैन । लामो समयदेखि शासन गरेको खस वर्गीय शासकहरूले बनाएको अवधारणाको जगलाई नभत्काउने लोकतन्त्र मात्र यहाँ स्वीकृत र मान्य छ । जनमुखी लोकतन्त्रसंग यिनीहरूको केही लेनादेना छैन । लोकतन्त्र अंगाल्दा आफ्नो सामन्ती चरित्र पनि लुक्ने तथा अन्तर्राष्ट्रिय जगतले लोकतान्त्रिक शक्तिलाई सहयोग र समर्थन दिने भन्ने सोचका साथ शासकवर्गले रूढिवादी सत्तामा आफ्नै फायदा हुने गरि केही फेरबदल गरेको मात्र हो ।

अबको लडाई राज्यसत्ता र मधेशको लडाई प्रष्ट रूपमा देखिएकोले यही लडाई जित्न तीनै दलहरूले कल, बल, छलको प्रयोग गरि स्तरहीनता प्राप्त गरेका छन् । तर कहलाउन त राजनीतिका धुरंन्धर खेलाडी कहलाउँछन् । आफ्नो फायदाका लागि मात्र सोच्ने र सोही थिति लागू गर्ने एमालेका कट्टरपंथी चरित्रका कारण मधेशमा विभाजनका आवाजहरू पनि तीव्र रूपमा बढ्न थालेको छ । अनुकूलता प्राप्त गर्दै यसको विकास हुने बेर छैन ।

**राजपाको पीडा:-** संघर्षमा होमिएको राजपा दोश्रो चरणको चुनावभन्दा पहिले पार्टी दर्ता नरहेको, शर्त पूरा नभएको, मधेश शक्ति विभाजन भई आन्दोलनलाई कमजोर बनाएको, कार्यकर्ताहरू विद्रोह गरि चुनावमा भाग लिएको, पार्टी आन्दोलनमा रहेपनि नेताहरूको विभाजित मानसिकताका कारण दोश्रो चरणको चुनावलाई नरोक्न सक्यो, नभाग नै लिन सक्यो ।

दोश्रो चरणको नतिजा हेरेर ससफोले संशोधन प्रस्तावलाई सघाउने शीर्ष तीन दलको जस्तो झूठो आश्वासन दिन थालेको छ । संशोधन प्रस्ताव पास हुने नेपाली काँग्रेसको सरकारले देखाएको झूठो आश्वासनले पास हुने कुरा असम्भव भै सकेको छ । राजपाको पार्टी दर्ता भई सकेको छ । चुनाव चिन्ह "छाता" दिने पक्षमा निर्वाचन आयोग छैन । चारैतिरबाट घेरामा पारि राजपालाई थकाउने प्रयास गरिएको छ । अन्ततः आत्मसमर्पण गराउने रणनीतिमा लागेका शीर्ष तीन दल सफल भएको छ । चुनावमा भाग लिनै पर्ने बाध्यात्मक परिस्थितिको निर्माण गरि राजपालाई खोरमा हाल्ने कार्य भएको छ । वातावरण विल्कुल प्रतिकूल बनाईएको अवस्थामा आन्दोलन कतिको प्रभावकारी हुन सक्दछ, यसै पनि अनुमान गर्न सकिन्छ ।

संशोधन प्रस्ताव पास गराउने आश्वासन दिएर पनि पास नगरि राजपालाई जबरदस्ती चुनावमा धकेल्दा नेपाली काँग्रेसको यो धोखाले मधेशमा प्रतिकूल प्रभाव भोग्नु पर्ने स्थिति आउन सक्दछ । एमालेले दोश्रो नम्बरमा पारेको काँग्रेस यही प्रदेशमा पुनश्च आफ्नो हैसियत हासिल गर्न सक्दथ्यो । तर मधेशसंग भएको धोखाले चुनावमा प्रतिकूलता भोगेर एमालेकै नेतृत्वमा हिंड्नु पर्ने अवस्था आउन सक्ला । नेपाली काँग्रेसले मधेशी नेता विमलेन्द्र निधिको मुखबाट भन्न लगायो–संशोधन प्रस्ताव पास हुने अवस्था छैन । आफू झण्डै ३८८ मतबाट प्रधानमन्त्री बनेको शेरबहादुर देउवाको लागि मधेशभन्दा एमाले नजिक रहेकोले मधेशका लागि किन टाउको दुखाउने ?

मधेशको राजनीति सिद्धिएको छैन । मधेशको लागि छल, बल, कल प्रयोग गर्ने तीन दलको क्रियाकलाप अभिशापको रूपमा मधेशले लिएको छ । एमालेले खिंचेको विभाजन रेखा र त्यसमा सिमित गरेको मधेश, आफ्नो आकार कै कारण त्यहाँ सिमित रहन सक्दैन । उसले आफ्नो भूमिका पुनश्च खोज्छ । त्यतिबेला परिष्कृत आन्दोलनको झंझावात शीर्ष तीन दलले झेल्न सक्छ वा सक्दैन । अहिले प्रदेश नं. २ को चुनावमा केन्द्रीत रहेको सबैको ध्यान चुनावलाई कति प्रभावकारी बनाउन सकिएला भन्ने समीकरण मिलाउन व्यस्त छ । एमालेले अपेक्षा गरेको स्थिति भने रहन सक्दैन । एमालेले जनाधार भएका व्यक्तिलाई आफ्नो प्रभावमा ल्याउन हर सम्भव प्रयास गरि रहे पनि अपेक्षित सफलता मिल्न कठीन छ । प्रदेश नं. २ मा नेपाली काँग्रेस पछारिने कि एमाले ?

**क्रमशः**

janukjha24@gmail.com

# राजपालाई निर्वाचन आयोगमा मान्यता



निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

काठमाडौं । ६ मधेशकेन्द्रित दल मिलेर बनेको राष्ट्रिय जनता पार्टी नेपाललाई निर्वाचन आयोगले दलको रूपमा मान्यता दिएको छ । मधेशकेन्द्रित ६ वटा दलले दल एकीकरणको निम्ति दिएको निवेदन अनुसार शनिबारको निर्वाचन आयोगको बैठकले राजपा नेपाल नामक राजनीतिक दललाई बिधिवत रूपमा आजैको मिति देखि लागू हुने गरि दर्ता गरेको छ ।

# राजपाका नेतालाई अनुशासनको कारबाही

**श्याम सुन्दर सुतिहार**

विराटनगर । राष्ट्रिय जनता पार्टी नेपाल मोरङका अध्यक्षमण्डलीय नेताहरूले ७ जना उच्च पदका नेताहरूलाई अनुशासनको कारबाही गर्न केन्द्रीय समितिलाई सिफारिस गरेको छ ।

राजपा नेपाल मोरङले नेपाल पत्रकार महासंघ मोरङको हलमा पत्रकार सम्मेलन गरी राजपा नेपालका अध्यक्ष मण्डलका संयोजक राधे कामतले यस्तो कुरा बताएका छन् । पार्टीको विधान विपरीत, पार्टी हित र संगठनलाई विभाजन गर्ने, पार्टीको छवीलाई नै बिगार्ने काम गरेको हुँदा तथा अध्यक्ष मण्डलका अध्यक्ष गयानन्द मण्डलको चरित्र हत्या हुने गरी संचारमाध्यममा अभिव्यक्ति दिएकोले कारबाही गरेको जानकारी गराए । केन्द्रीय उपाध्यक्ष यदुवंश साह, केन्द्रिय महासचिव जगदीश अधिकारी, केन्द्रिय सदस्य दिलीप धाडेवा, चन्द्रं प्रसाद राजबंशी, राजपा मोरंगका पुर्व अध्यक्ष मण्डलका संयोजक मो.कादिर, जिल्लाका नेता सुरेश सिंह मण्डल र जगन्नाथ राजवंशी कारबाहीमा परेका छन् ।

अध्यक्ष मण्डलका संयोजक कामतले विधानमा उल्लेख भए अनुसार चक्रिय प्रणालीका आधारमा संयोजक परिवर्तन भएको वताए । पार्टी भित्र जुन पुर्व संयोजक मो. कादिरले विवाद गरेको हो त्यो वालहट हो, यसले पार्टी र वहांको व्यक्तिगत जीवनमा समेत अघात हुने वताउदै यस्तै व्यवहार राखे मो. कादिर अहिलेसम्मकै असक्षम अध्यक्ष हुने वताए ।

जिल्लावाट अनुशासनको कारवाहीको लागि नाम सहित केन्द्रिय समितिमा पढाएका छौ । केन्द्रवाट जे कारवाही हुन्छ त्यो मान्न जिल्ला कार्यसमिति मोरंग तयार रहेको कामतले वताए ।

राजपाका पुर्व अध्यक्ष मण्डलका संयोजकको २ महिना अवधि अषाढ २७ गते सकिएकोले चक्रिय प्रणाली अनुसार राधेकामतलाई अध्यक्ष मण्डलका चार जना सदस्यले समर्थन गरी असार ३१ गते संयोजक वनाएपछि मोरंगका राजपा पार्टीभित्र विवाद चुलिएको हो । उक्त पत्रकार सम्मेलन प्रेस मञ्चका मोरंग अध्यक्ष मनोज पंडितको अध्यक्षतामा भएको थियो ।

# प्रधानमन्त्रीको भारत भ्रमण अगष्टमा

काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवा आगामी अगष्ट १५ पछि भारत भ्रमणमा जाने भएका छन् । प्रधानमन्त्री निकट उच्च स्रोतका अनुसार देउवाले अबको एक महिनापछि तीन दिनको लागि भारत भ्रमण गर्ने भएका छन् । हुन त उनले स्थानीय तहको दोस्रो चरणको निर्वाचनपछि भारतको औपचारिक भ्रमण गर्ने तयारी भैसकेको थियो । उपप्रधान तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महराले हालै भारत भ्रमण गरेका थिए । भारत भ्रमणमा रहँदा उनले प्रधानमन्त्री देउवाको भ्रमणको सम्पूर्ण तयारी गरिसकेका थिए । नेपालमा नयाँ प्रधानमन्त्री भएपछि भारत भ्रमण गर्ने प्रचलन रहँदै आएको सन्दर्भमा प्रधानमन्त्री देउवा भारत भ्रमणमा जान लागेका हुन् । उनी आगामी अगष्ट १७, १८ र १९ तारिख गरेर तीन दिन भारत भ्रमण गर्ने तयारी भैसकेको छ । प्रधानमन्त्री देउवाको भारत भ्रमणको सिलसिलामा आफू पनि भारत आउने प्रयास गर्ने भारतीय राजदूत मञ्जिप सिंह पुरीले जानकारी गराईसकेका छन् । उपप्रधानमन्त्री महराले आगामी दिनमा नेपाल-भारत वीचको सम्बन्ध अझ प्रगाढ हुने बिश्वास व्यक्त गर्नु भएको उनको नीजि सचिवालयले जनाएको छ ।

# शिक्षक विज्ञापनलाई 'पहिलो विज्ञापन'मा रूपान्तरण गर्न माग

काठमाडौं । अस्थायी शिक्षकलाई स्थायी गर्न अन्तिम अवसरको रूपमा खुलेको शिक्षक विज्ञापनलाई शिक्षा ऐन अनुसारको पहिलो विज्ञापनमा रूपान्तरण गर्न माग गरिएको छ । अस्थायी शिक्षकको अधिकारका लागि निरन्तर क्रियशील रहँदै आएको पुनरूत्थान पार्टी नेपालले अहिलेको शिक्षक विज्ञापनलाई शिक्षा ऐनको संशोधन २०६३ अनुसार पहिलो विज्ञापन बनाउन माग गरेको हो । शनिवार शिक्षा पत्रकार समूहमा पत्रकार सम्मेलन गर्दै पार्टीका उपाध्यक्ष शरदकुमार मिश्रले सवैखाले अस्थायी शिक्षकहरूलाई परीक्षामा सहभागी गराउन माग गरे । शिक्षा ऐन २०२८ को २०६३ को संशोधनको दफा ११ च को थप गरिएको उपदफा (१क) ले 'पहिलो विज्ञापन'को व्यवस्था गरेको साथै, शिक्षा मन्त्रालयले सर्वोच्च अदालतमा २०७४ जेठ ९ गते पठाएको जवाफीपत्रमा 'पहिलो विज्ञापन' हालसम्म नभएको भनी स्वीकार गरेकाले अहिलेकै विज्ञापनलाई 'पहिलो विज्ञापन' मान्नुपर्ने मिश्रले जिकिर गरे ।

# क्याम्पस भवन शिलान्यास



**विद्यालय भवन शिलान्यास कार्यक्रममा राजदूत मन्जिभसिंह पुरी ।**

काठमाडौं । नेपालका लागि भारतीय राजदूत भन्जिभसिंह पुरीले धादिङको गजुरी बजारमा आर्दश बहुमुखि क्याम्पस भवनको शिलान्यास गरेका छन् । भारत सरकारको साना विकास परियोजना अन्तर्गत क्याम्पसको भवन निर्माण हुन लागेको छ । भवनको लागत खर्च करिब ४ करोड २ लाख नेपाली रूपैयामा रहेको भारतीय दूतावासले विज्ञप्तीमार्फत जनाएको छ । क्याम्पसको भवन निर्माण भएपछि करिब १८ गाउँपालिकाका विद्यार्थीहरू प्रत्यक्ष लाभान्वित हुनेछन् । यसैगरी भारत सरकारकै सहयोगमा धादिङमै छापाभञ्ज्याङ खानेपानी परियोजनाका लागि करिब ३८ करोड ३ लाख नेपाली रूपैयाको लागतमा सम्पन्न हुन लागेको छ ।

हाम्रो चाहना : दुर्व्यसनरहित स्वस्थ र सुखी जीवनको कामना, स्वस्थ र सुखी परिवारका लागि दुर्व्यसनलाई नाई भनौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

राष्ट्रिय साप्ताहिक
मधेशवाणी

## विश्व परिवेश

# भारतको १४औं राष्ट्रपतिमा रामनाथ कोविन्द निर्वाचित

नयाँदिल्ली। भारतको १४ औं राष्ट्रपतिमा भारतीय जनता पार्टीका नेता रामनाथ कोविन्द निर्वाचित भएका छन्। बिहीबार भएको मतगणनामा राष्ट्रिय प्रजातान्त्रिक गठबन्धनका राष्ट्रपतिका उम्मेदवार कोविन्दले ६५.३५ प्रतिशत मत पाए। उनका निकटतम प्रतिद्वन्द्वी युपीएकी उम्मेदवार मिरा कुमारले ३४.३५ प्रतिशत मत पाएको भारतीय सञ्चार माध्यमहरूले जनाएका छन्। कोविन्दले ७ लाख २ हजार ४४ मत पाउँदा मिरा कुमारले ३ लाख ६७ हजार ३१४ मत पाएकी छन्। नवनिर्वाचित राष्ट्रपति कोविन्द उत्तर प्रदेशका दलित नेता हुन्। उनी दुई पटक राज्यसभा सदस्य पनि थिए। रामनाथ कोविन्दको जन्म १ अक्टोबर १९४५ मा उत्तर प्रदेशको कानपुर देहातमा भएको थियो। उनले कानपुर युनिभर्सिटीबाट बीकम र एलएलबीको पढाई पूरा गरेका छन्। उनी दिल्ली हाई कोर्टमा १९७७ देखि १९७९ सम्म केन्द्र सरकारको वकिल रहेका थिए।



*भारतको १४औं राष्ट्रपतिको रूपमा निर्वाचित कोविन्द रामनाथ। फोटो : आजतकबाट साभार*

१९८० देखि १९९३ सम्म केन्द्र सरकारको स्ट्ण्याडिङ काउन्सिलमा बसेर काम गरे। दिल्ली हाई कोर्ट र सुप्रिम कोर्टमा उनले १६ वर्ष वकालत गरे। १९७१ मा दिल्ली बार काउन्सिलमा मनोनित भए। १९९४ मा उनी उत्तर प्रदेशबाट राज्यसभाका लागि सांसद चुनिए। उनी १२ वर्षसम्म राज्यसभा सांसद रहे। सादगी जीवनका कारण पनि चिनिने उनले आफ्नो कानपुरको घर दानमा दिएका थिए।

# अफगानिस्तान–पाकिस्तानमा चीनको आफ्नै निहित लक्ष्य

–मागदा लिपन, बोस्टन

अफगानिस्तान–पाकिस्तान क्षेत्रमा चीनले आफ्नो पुरानै विद्धेषपूर्ण दृष्टिकोण र नीति प्रदर्शन गर्दै बेजिङ्गले रावलपिण्डी बाहेक दक्षिण एशियासमेतमा आफ्नो उपेक्षापूर्ण निहित स्वार्थ विस्तारित गर्दै आएको छ। अशरफ धानीको शासन कालले गर्दा इस्लामाबाद र काबुल बीच विश्वासको संकट उत्पन्न नभै सोह्र वर्षअघि सन् २००१ मा तालिवान सरकारको पतन पश्चात् पनि जनरलहरूको मुख्यालयको प्रत्यक्ष एकाङ्गी रणनीतिक दृष्टिकोण र सोचले गर्दा त्यस्तो स्थिति उत्पन्न हुन आएको छ। त्यस अवधिमा भनौं वा दोस्रो विश्व युद्ध पश्चात् पाकिस्तानमा शान्ति र अफगानिस्तानको पुनर्निर्माण गरी स्थायीत्वका लागि वाशिंगटनले मुख्य योजना भन्दा बढी झण्डैले अमेरीकी डलर ११० विलियन खर्च गरे पनि पाकिस्तानको हठवादिता र विद्धेषपूर्ण दृष्टिकोणले गर्दा अफगानिस्तानमा स्थायीत्व र शान्ति बहाल हुन नसकेपछि पहिलो अपेक्षित अफगानी रणनीति अनुरूप संयुक्त राष्ट्रले पूर्वी अफगानिस्तानस्थित इस्लामिक स्टेट–केभ कम्प्लेक्स माथि "सबै बमहरूका आमा" प्रहार गरेको थियो। चौथो पटकको अमेरीकी सानो आक्रमण यस वर्षको जून १३ का दिन पाकिस्तानको खिबर–पख्तुनखावा प्रान्तको हंगु जिल्लामा हुँदा हक्कानी आतंकवादी संगठनका बरिष्ठ कमाण्डर अबु बकर हक्कानी त्यसमा मारिएका थिए। राष्ट्रपति ट्रम्पको कार्यकालको पहिलो आक्रमण मार्च महिनामा अफगानिस्तानको सीमा क्षेत्रको कुर्रम आदिवासी जिल्लाको सारा खावा क्षेत्रमाथि लक्षित रहेको थियो।

ह्वाईट हाउसमा अमेरीकी राष्ट्रपति डोनाल्ड ट्रम्प र भारतीय प्रधानमन्त्री



नरेन्द्र मोदी बीच भएको वार्ता पश्चात्को संयुक्त वक्तव्यमा अमेरीकी नयाँ नीतिको घोषणा गरिएको छ, जसमा स्पष्ट रूपमा आतंकवाद र पाकिस्तान बारे खुलासा गरिएको छ। त्यसमा अमेरीकाले भारतीय र अफगानी दृष्टिकोणसँग सहमति जनाउँदै पाकिस्तान उग्रवादीहरूको वातावरणलाई प्रश्रय दिने क्रममा दोषि रहेको स्वीकार गरेको छ। एक कूटनीतिक पर्यवेक्षकले त्यस संयुक्त वक्तव्यलाई "आतंकवादविरूद्ध काँधमा काँध मिलाउने" र "सीमापार आतंकवाद" स्पष्ट रूपमा सार्वजनिक गरेका छन्। पाकिस्तान सम्बन्धमा मोदि–ट्रम्प वक्तव्यमा यस्तो उल्लेख गरिएको छ :– "नेताहरूले पाकिस्तानको भू–भागबाट अन्य देशहरूमाथि आतंकवादी संगठनहरूले २६/११ का दिन मुम्बई, पठानकोट र अन्य सीमाहरूमा आतंकवादी आक्रमणहरू गरेकाले पाकिस्तानले स्पष्ट रूपमा त्यसका संचालकहरू माथि कारवाहि गर्नु पर्दछ।" जून २७ को त्यस संयुक्त वक्तव्यको १ दिन पछि "जोउनण्ट चीफ्स अफ स्टाफ" का अध्यक्ष जेनरल जोसेफ डनफोर्ड काबुल पुगेर विश्वलाई यो संकेत दिएका थिए कि वाशिंगटन अफगानिस्तान र त्यस क्षेत्रका लागि आफ्नो रणनीतिलाई कार्यान्वय गरी दोषीहरू उपर कारवाहि गर्न प्रतिबद्ध रहेको छ। कावुलका अनुसार अफगान सरकार त्यस भ्रमणबाट प्रसन्न भएको थियो अफगानिस्तानका राष्ट्रपति मोहम्मद अशरफ धानीको कार्यालयबाट प्रकाशित विज्ञप्तिमा यस्तो भनिएको थियो :– "जोआइन्ट चीफ्स अफ स्टाफ" का अमेरीकी अध्यक्ष जनरल जोसेफ इनफोन्डको भ्रमणबाट वाशिंगटनको क्षेत्रीय रणनीतिको विशिष्ट दृष्टिकोण बारे आकलन गर्न सकिन्छ।"

सितम्बर, २०१४ मा हमीद कारवाहि पश्चात् अशरफ धानी अफगानिस्तानको राष्ट्रपति भएपछि उनले पाकिस्तानसँग सम्बन्ध सुधार गरी द्विपक्षीय सम्बन्ध र मित्रता बढाउन भारतीय दृष्टिकोण विपरीत पाकिस्तानी सेनाको मुख्यालयसँग समेत घनिष्टता बढाउने सोच राखेका थिए तर पाकिस्तानले आफ्नो साँचो चरित्र प्रदर्शन गर्दै आई.एस.आई.द्वारा संचालित हक्कानी तथा तालिवान आतंकवादी संगठनहरूद्वारा अफगानिस्तान माथि आक्रमण गराई हाले, त्यस बारे जूनमा पेन्टागनको प्रतिवेदनमा यस्तो भनिएको थियो :– "पाकिस्तानका मुख्य नगरहरू– पेशावर तथा क्वेटाबाट अफगानिस्तान भित्र घातक आक्रमण गर्ने योजना तथा संचालन निरन्तर रूपमा पाकिस्तानले गर्दै आएको छ।" त्यस पछि धानीले पाकिस्तानको दृष्टिकोण मित्रवत् छिमेकीको नरहेको प्रमाणस्वरूप अफगानिस्तानमा हालै पाकिस्तानद्वारा भएको आतंकवादी आक्रमणहरूबाट सम्झी हाले। अमेरीकककको अफगान नीतिको फलस्वरूप अफगानिस्तान र पाकिस्तान बीच विश्वासघात पूर्णभै सकेको छ।

चीनको अफगान–पाकिस्तान नीति सम्बन्धमा सही अनुमान गर्न सकिन्न किनकि उसको स्वार्थ अफगानिस्तानको खानी सम्पदा र पाकिस्तानको ओबोरसँग सम्बन्धित भएकोले दुवैका लागि स्थायीत्व र अफगानिस्तान–पाकिस्तान बीचको सामान्य सम्बन्ध व्यवस्थापनसँग गाँसिएकोले छिट्टै हुने संभावना छैन। यस सम्बन्धमा 'ग्लोबल टाइम्स' को जून २८ को यो विश्लेषण विशेष महत्वपूर्ण छ :– "जे भए पनि चीनले अफगानिस्तान–पाकिस्तान बीच दुबै देशको प्रयास बिना शान्तिपूर्ण, स्थायी र आपसी मैत्रीवत् सम्बन्ध स्थापित गर्न सक्दैन।" राष्ट्रपति धानीको अनुभव र अमेरीकी समझदारी अनुसार पाकिस्तान आफ्नो रणनीतिक स्वार्थका लागि जिहादी–बन्दुकको शक्तिमा विश्वास राख्दछ। अमेरीकी राष्ट्रिय सुरक्षा सल्लाहकार लेफ्टिनेन्ट जनरल एच.आर.मैक मास्टरले अप्रिलमा अफगानका नेताहरूसँग कुरा गरेपछि अफगानिस्तानमा तालिवान बलियो हुँदै गएको छ , जसलाई चीनका विदेश मन्त्रीले मोजर दिएको छैन। चीनको यो स्वयं घोषित उद्देश्य बाहेक अरू केहि छैन जबकि अमेरीकी र उसका सहयोगीहरूले अफगानिस्तान र उसको सुरक्षा शक्तिलाई सशक्त बनाउन तालिवान लडाकूहरूलाई युद्ध क्षेत्रमा परास्त गर्ने ठोस रूप लिने योजना बनाई सकेका छन् र यही नै मोदी–ट्रम्प वार्ताले धानीलाई सघाउने सन्देश समेत सम्प्रेषित गरेको छ।

*– एजेन्सीहरूको सहयोगमा*

# एनआरएनको नेतृत्वमा पुग्न अमेरिकी डायस्पोरालाई गरियो विभाजन

वासिङ्टन डिसी, अमेरिका। डायस्पोरामा रहेका नेपालीभाषीहरूलाई जोड्ने साझा संस्थाका रूपमा स्थापना गरिएको गैरआवासीय नेपाली संघ (एनआरएन)लाई दिनानुदिन नेपाली राजनीतिक दलको भ्रातृ संगठनबीचको प्रतिस्पर्धा गर्ने थलो बनाउन थालिएको छ। नेपाली राजनीतिक दलको भ्रातृ संगठनबीचको प्रतिस्पर्धाको थलो बनाउन पछिल्लो पटक एनआरएन अमेरिकाको निर्वाचनमा गौरीराज जोशीले प्यानल नै बनाएर प्रतिस्पर्धामा उत्रिए पछि यो कुर्रा पुष्टि भएको छ।

हुन त एक कार्यकाल पूर्णरूपमा राष्ट्रिय समन्वय परिषद् र अन्तर्राष्ट्रिय समन्वय परिषद्मा काम गरेपछि मात्र अध्यक्ष पदमा प्रतिस्पर्धा गर्न पाउने स्पष्ट विधान हुँदाहुँदै एक कार्यकाल पनि पूर्णरूपमा काम नगरेका गौरी जोशी बल मिच्याइँको भरमा अध्यक्ष पदमा प्रतिस्पर्धामा उत्रिएका छन्।

जोशीले नेपाल कम्युनिष्ट पार्टी एमालेको प्रवास संगठन प्रवासी नेपाली मञ्च अमेरिकाका कार्यकर्तालाई टिममा राखेर प्रष्टरूपमा प्यानल बनाएका कारण अहिले डायस्पोरालाई जोड्नेभन्दा तोड्ने काम भएको भर्जिनियाबासी एक नेपालीले

Non-Resident Nepali Association
गैरआवासीय नेपाली संघ

बताएका छन्। यद्यपि, अध्यक्षको एक कार्यकाल सफलतापूर्वक काम गरिसकेका पुन: अध्यक्षका प्रत्यासी डा. केशव पौडेलले भने डायस्पोरालाई विभाजन गर्न नहुने भन्दै हालसम्म उनले आधिकारिक प्यानल खडा गरेका छैनन्।

बाहिर बाहिर गैरआवासीय नेपालीको मुद्दालाई उठान गर्दै उनीहरूको हितमा काम गर्ने उद्देश्य भनिए पनि त्यसविपरीत गैरआवासीय नेपाली संघको नेतृत्वमा आउन चाहने स्वयम्ले नेपाली राजनीतिक दलका भातृ संगठनको साथ-समर्थन गुहारिरहेको अवस्थाले संस्थाको उद्देश्यविपरीत गैरआवासीय नेपाली संघमा राजनीतिक रंग देखिन थालेको छ।

आसन्न गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् अमेरिकाको निर्वाचनमा पार्टीका प्रवास संगठनको समर्थनदेखि नेपालका राजनीतिक दलका नेताहरूको साथ आफूलाई रहेको भनी प्रचार गर्न उम्मेदवारहरूबीच प्रतिस्पर्धा नै देखिन थालेको छ।

चुनाव जित्नका लागि कांग्रेस र एमाले दुवै हुँ भनेर प्रष्ट्याउन खोज्ने कामसमेत नेतृत्वका आकांक्षीबाट हुने गरेको देखिएको छ। अध्यक्षका आकांक्षी गौरी जोशीले पछिल्लो समय आफू एमाले निकट नभई कांग्रेस निकट नै भएको देखाउन चितवन जिल्लामा सहयोग गरेको विवरणसहितको नेपाली कांग्रेस, चितवनको लेटरप्याडसमेत प्रयोग गरेर सामाजिक सञ्जालमार्फत प्रचारमा ल्याए।

अर्कोतर्फ गुट नै बनाएर महिना दिन अघिदेखि नै चुनावी अभियान थालिनुले समेत चुनाव सकिएपछि त्यसले पछिसम्म एनआरएन अमेरिकामा विभाजनको बीउ रोप्ने भन्दै एनआरएन अमेरिकाका अभियन्ताहरू तथा एनआरएनएलाई माया गर्नेहरू समेत चिन्तित हुन थालेका छन्। गैरआवासीय नेपाली संघलाई सबैको साझा र एकताबद्ध संस्था बनाउन सक्दा मात्रै त्यसले सबैको हित गर्न सक्दछ। एनआरएनएका अभियानमा जोडिएका एक अग्रजले भने- 'तर अहिले त महिनौं दिन अघिदेखि प्यानल बनाएर जाने काम भएको छ, कित्ताकाट भइरहेको छ।' यसले संस्थालाई सही ठाउँमा लान नसक्ने उनले दाबी गरे।

'प्रजातान्त्रिक अभ्यासमा जानुपर्छ त्यसमा कसैले नराम्रो मान्नुपर्ने छैन,' नाम उल्लेख नगर्ने शर्तमा उनले भने- 'तर, यो कुनै सरकारी ओहोदा वा संसदीय चुनाव हो र, यसरी कित्ताकाट गर्ने ? अझ हुँदा हुँदा आफूलाई नेपालका दल तथा नेताहरूको नजिक छु भनेर प्रचारलाई अघि बढाउँदा भोलि नेपाली डायस्पोरा कता पुग्छ, के त्यसको ख्याल गर्नुपर्दैन।'

एनआरएन अमेरिकाको चुनावी माहौल अघि बढिरहँदा अमेरिकामा रहेका नेपालीमा विभाजनको बीउ रोपिने त होइन भन्ने चिन्तासमेत बढेको देखिन्छ। प्यानल प्यानलमा नेपालीहरू बाँडिदा एकताबद्ध र सशक्त एनआरएनए अभियानमा त्यसले बाधा पुग्ने र भोलि नेपाली समुदाय कमजोर बन्नेतर्फ आफूलाई उभ्याउन गरेको प्रयासले देश बाहिर रहेका आम नेपालीमा फुट ल्याउनेतर्फ आम नेपालीको चिन्ता देखिन्छ।

## जिल्ला समाचार

### बाढीपीडितलाई राहत वितरण

सप्तरी। नेपाल प्रहरी श्रीमती संघकी केन्द्रीय अध्यक्ष सीमा अर्यालले हालै आएको बर्षाको कारण पीडित भएका सप्तरी, तिरहुत गाउँपालिका वडा नम्बर २ र ५ का १५ घरपरिवार तथा कंचनरूप नगरपालिका-९ का ४ घरपरिवारलाई मंगलबार राहत सामाग्री वितरण गरेकी छन्। सो संघका अन्य पदाधिकारीहरू समेतको सहभागितामा प्रकोप पीडित ती घरपरिवारका मुख्य सदस्यलाई संघको तर्फबाट राहतस्वरूप मण्डी, खाद्यान्न र भाडाकुँडा वितरण गरिएको हो। असार १७ गतेदेखि परेको अविरल वर्षाको कारण सप्तरी जिल्ला हुँदै बग्ने बग्रेखोला, महुलेखोला तथा नहरहरू समेतमा पानीको बहाव बढेर बाँध समेत कटान भई खोला तथा नहर वरपरका मानव वस्तीहरूमा बाढी पसेर ठूलो मात्रामा जनधनको क्षति पुऱ्याएको कारण वस्तीमा मानिसहरू प्रकोप पीडित भएका थिए। उक्त अवसरमा सप्तरीका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटवाल र पूर्व क्षेत्रीय प्रहरी कार्यालयका प्रहरी नायव महानिरीक्षक रमेशकुमार भट्टराईले आ-आफ्नो मन्तव्य व्यक्त गर्दै विपदको बेला संघबाट प्राप्त मानवीय सहयोग सराहनीय कार्य भएको बताएका थिए। सप्तरी जिल्लाका प्रहरी उपरीक्षक मुकेश सिंहले बाढीबाट भएको क्षतिको विवरण प्रस्तुत गर्नुभएको सो कार्यक्रममा उक्त संघका अन्य पदाधिकारीहरू, प्रहरी अधिकृतहरू तथा स्थानीय संचारकर्मीहरूको समेत उपस्थिति रहेको थियो।

### नेपालगन्जमा 'हेल्प डेक्स' स्थापना

बाँके। मतदाता नामावली संकलन तथा अद्यावधिक सहज गराउन निर्वाचन आयोगले नेपालगन्जमा 'हेल्प डेक्स' स्थापना गरिएको छ। युएनडिपिको सहकार्यमा जिल्लास्थित सूचना र मानवअधिकार अनुसन्धान केन्द्रले हेल्प डेक्स सेवा सञ्चालन गरेको हो। क्षेत्रीय निर्वाचन कार्यालयमा आउनेको भिडलाई मध्यनजर गर्दै १५ दिनका लागि छ युवा स्वयम्सेवकलाई परिचालन गरेर बिहान १० बजेदेखि बेलुका ६ बजेसम्म हेल्प डेक्स सञ्चालन गरिएको हो। युवा स्वयम्सेवकले आएका सेवाग्राहीको फारम भर्ने, लाइनमा बसाउने, सूचना दर्ता, तथ्याँक संकलन अभिलेखीकरणमा सहयोग पुऱ्याउने गरेका छन्। मतदाता नामावली संकलन तथा अद्यावधिक कार्य अन्तर्गत तीन दिनको अवधिमा करिब एक हजार ३०० जनाले नाम दर्ता गराएका छन्।

### जिल्ला अदालतमा सीसी कैमरा जडान

रौतहट। सुरक्षामा सहयोग पुग्ने उद्देश्यले रौतहट जिल्ला अदालत गौरमा सीसी कैमरा जडान गरिएको छ। जिल्ला अदालतका उपसचिव चिन्तामणि शर्माले विश्व प्रविधिमा अघि बढिरहेकोले सेवाग्राहीहरूलाई निष्पक्ष रूपमा छिटो छरितो सेवा प्रदान गर्ने अदालतको मुख्य लक्ष्य रहेको बताएका छन्। मुद्दा मामिलाको विषयमा सेवाग्राहीहरूलाई सेवा दिने कार्यमा ढिलाई नहोस् तथा सुरक्षाको हिसावले प्रत्येक फाँटमा सीसी कैमरा लगाइएको जानकारी गराएका छन्। उपसचिव शर्माले भने, 'सीसी कैमरा जडान भईसकेपछि अनलाइन भिडिओ मार्फत सीधै सर्वोच्च अदालतमा कुरा गर्न सकिन्छ।' सीसी कैमराले अदालतको आन्तरिक प्रशासनिक कार्यमा सहयोग पुग्ने उनको भनाइ रहेको छ।

### एमालेको नगरस्तरीय महिला प्रशिक्षण

वीरगंज। नेकपा एमाले वीरगंज महानगर समितिले सोमबार वीरगंजमा नगरस्तरीय महिला प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ। वीरगंज मनमोहननगर स्थित नेकपा एमाले पार्टी कार्यालयमा भएको कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि नेकपा एमालेका केन्द्रिय सदस्य एवं सांसद् रामचन्द्र साहले प्रदेश नं. २ को स्थानीय तहको निर्वाचनमा पार्टीका सबै उम्मेदवारहरूलाई इमान्दारीपूर्वक एकजुट भएर जिताउनु पर्नेमा जोड दिए। कार्यक्रममा पार्टीका नेता एवं नेशनल मेडिकल कलेजका एमडि बसरूदिन अंसारीले सहभागी महिलाहरूलाई मतदान गर्ने तरिका, मतपत्र फोलड गर्ने लगायत चुनावको बारेमा विशेष जानकारी गराएका थिए।

### ट्राफिक नियमबारे सचेतना कार्यक्रम

मो. इमरान खान, कपिलवस्तु। कपिलवस्तु नगरपालिका तथा मायादेवी गाउँपालिका पकडीमा ट्राफिक नियमबारे जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ। सोमबार जिल्ला ट्राफिक कार्यालय गोरिसिगेंको आयोजनामा नगरबासीहरूको सहयोगमा कार्यक्रम सम्पन्न भएको थियो। जिल्ला ट्राफिक कार्यालय, गोरिसिगें प्रहरी निरीक्षक अमर बहादुर कार्की को नेतृत्वमा सहायक प्रहरी निरीक्षक राजिव बिष्ट तथा असाई अम्मर थापा को सहयोगमा कपिलवस्तु नगरपालिका तथा मायादेबि गाउपालिका पकडी मा जन समुदायहरूलाई ट्राफिक नियमहरू बारे जानकारी गराएका थिए। सवारी दुर्घटना, बालबालिकाहरू आफु पनि बाटो आदिमा हिड्दा ध्यान दिई हिड्ने र यसबारे अरूलाई पनि सचेत गराए दुर्घटना न्यूनिकरणमा सहयोग पुग्ने प्रहरी निरीक्षक राजिव बिष्ट बताए।

### एल्बम विमोचन

वीरगंज। मधेशका ख्याती प्राप्त कालाकारद्वारा शनिबार भुतवा तोहार बाबा भन्ने एल्बमको विमोचन संघीय समाजवादी फोरम नेपाल पर्साका अध्यक्ष प्रदीप यादवले गरेका छन्। सो कार्यक्रममा बेल्दै अध्यक्ष यादवले भोजपुरी काला र संस्कृति आफैमा समृद्ध रहेको बताए। उनले कला र संस्कृति समाजको गाहना भएको हुनाले यस क्षेत्रमा लागेका कलाकर्मीहरूलाई आर्थिक, सामाजिक र राजनीतिक रूपमा संरक्षण प्रदान गर्नुपर्ने धारणा राखे। नेता यादवले यसमा फोरम नेपालको अग्रणी भूमिका रहने प्रतिबद्धता जनाए। सो कार्यक्रममा भोजपुरी गायक सुनिल पण्डितको स्वरमा रहेको गिती एल्बमको भिडियोमा कलाकार अनिल गुप्ता, सलोनी विष्ट र राजु ठाकुरले अभिनय गरेकाछन्। अनिल गुप्ताको अध्यक्षतामा विमोचन कार्यक्रममा शिवजी विश्वकर्मा, रामेश्वर प्रसाद कलवार, मदन गुप्ता, अखिलेश साह, असलम आलम लगायतको पनि उपस्थिति रहेको थियो।

### नवलपरासीमा करिब ५० करोड रकम फ्रिज

नवलपरासी। जिल्लामा आर्थिक वर्ष २०७३/७४ मा प्राप्त सरकारी बजेटमध्ये झण्डै ५० करोड रूपैयाँ फ्रिज भएको छ। सरकारले छुट्याएको कूल बजेटबाट रू ४९ करोड ४५ लाख ९५ हजार फ्रिज भएको कोष तथा लेखा नियन्त्रण कार्यालयले जनाएको छ। चालुतर्फ रू २९ करोड ८९ लाख २६ हजार तथा पुँजीगततर्फ रू १९ करोड ५६ लाख ६९ हजार फ्रिज भएको छ। असार महिनामा मात्र चालुतर्फ निकासा भएको रू ८५ करोड ९७ लाख ५३ हजारको १३.६२ प्रतिशत र पुँजीगत रू ३७ करोड १० लाख ३७ हजारको ३४.१६ प्रतिशत रकम खर्च भएको छ। जिल्लामा आठ ठूला सडक विस्तार आयोजनाअन्तर्गत रू २२ करोड २८ लाख ६० हजार विनियोजन गरिएकामा रू १६ करोड ६ लाख २३ हजार खर्च भएको छ। जिल्लाको विभिन्न कार्यालयबाट रू एक अर्ब १४ करोड पाँच लाख १६ हजार राजश्व संकलन भएको छ।

### नागरिकता सिफारिस नि:शुल्क

मणि प्रसाद गैह्रे, कपिलवस्तु। बुद्धभूमि नगरपालिकाले अब नागरिकताको प्रमाणपत्र सिफारिस गर्दा जनताबाट केही पनि शुल्क नलिने निर्णय गरेको छ। बुद्धभूमि नगरपालिकाको नगर कार्यपालिकाको प्रथम बैठकबाट यस्तो निर्णय गरिएको हो। सबै वडाबाट नि:शुल्क रूपमा नागरिकताको प्रमाणपत्र सिफारिसमा पैसा नलिने निर्णय गरेको मेयर केशव कुमार श्रेष्ठले जानकारी दिएका छन्। आम नागरिकको नागरिता लिने अधिकार भएकोले त्यसमा अब नगरपालिकाले शुल्क नलिने र कुनै पनि झन्झट नदिइ जनतालाई सिफारिस दिने श्रेष्ठले बताए। त्यस्तै, नगरपालिकालाई बालमैत्री नगर बनाउनका लागि यसै आर्थिक वर्षबाट सबै वडाहरूमा बालमैत्री स्थानीय शासन सम्बन्धी कामहरू सूचारू गर्ने निर्णय समेत बैठकले गरेको छ। त्यस्तै शतप्रतिशत विद्यार्थी भर्ना गराई पूर्ण भर्नायुक्त नगर बनाउनका लागिसमेत पहल गर्ने र कार्यान्वयन गर्ने नगरपालिकाले निर्णय गरेको छ।

### युवा फोरमद्वारा आकस्मिक रक्दान

वीरगन्ज। वीरगन्जका अस्पतालहरूमा रगतको चरम अभावले बिरामीहरूको उपचार प्रभावित भएको बेला संघीय समाजवादी फोरम नेपालको भ्रातृ संस्था संघीय समाजवादी युवा फोरम नेपालले आकस्मिक रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। वीरगन्जको घण्टाघरमा पर्साका प्रमुख जिल्ला अधिकारी केशवराज घिमिरेको प्रमुख आतिथ्यमा भएको रक्तदान कार्यत्रक्रममा ६२ जनाले रक्तदान गरेका छन्। यसलाई उल्लेखनीय संख्या बताउदै नेपाल रेडक्रस सोसाइटीका अधिकृत उदयराज शर्माले यो रक्तदानलाई धेरै महत्वपूर्ण बताए।

# साउनबारे मधेशी महिलाहरूको अनुभव

**साउन महिना महिलाहरूका लागि महत्वपूर्ण महिनाको रूपमा रहेको छ। यस महिनामा नै हिन्दू महिलाहरूका महान चाड तीज पनि पर्ने गर्दछन्। भाइ र बहिनीको पवित्र पर्वको रूपमा रहेको रक्षाबन्धन पनि यसै महिनामा पर्ने भएको हुनाले साउनलाई निकै पवित्र महिनाको रूपमा मानिन्छ। साउनमा महिलाहरूले सुन्दर, सुशिल र योग्य वर पाउनका लागि व्रत बस्ने गर्दछन्। मधेशी महिला सेलिब्रेटिजले कसरी साउन महिनालाई लिने गरेको छ यसै सन्दर्भमा केन्द्रित रहेर विजय यादव र संगीता रेग्मीले गरेको कुराकानी सम्पादित अंश:**



### डा. डिम्पल झा (सांसद एवम् नेता राजपा नेपाल)

साउनमा व्रत बस्नै पर्छ भनेर बसेकी त छैन, तर पहिला साउनमा व्रत बस्ने गर्थे विवाहपछि कमै बस्ने गरेको छु। स्वास्थ्यका लागि व्रत बस्नु पनि फाइदाजनक भएकाले समय मिलाएर बस्ने अरू पुजा-आजा पनि गरेकी छु। सार्वजनिक जीवन बिताउनु पर्दा तडक-भडक पहिरन त लगाउने गरेको छैन तर साउन महिनामा हरियो चुरा, पोते र हरियो पहिरन लगाउने गरेकी छु। साउनमा मठमन्दिर गएर पुजा गर्न नभ्याए पनि घरमा भगवान शिवको पूजा-आजा गर्छु।

### अञ्जु यादव (गायिका, सप्तरी)



साउन महिनाभरि म शुद्ध शाकाहारी भोजन गर्छु। साउनभरि गीतको रेकर्डिङ्ग हुने भएकोले पनि यो महिनाभरि निकै नै व्यस्त हुने गरेको छु। हरेक सोमबार बिहानै नुहाएर शिव मन्दिरमा पूजा गरेर बेलुकी एक छाकमात्रै भोजन गरी व्रत बस्दै आएकी छु। म व्रत बस्नुको कारण पनि अरू अविवाहित महिलालेजस्तै सुन्दर, सुशील र असल वर शिवजीले दिऊन् भन्ने नै हो। साउन सुरूदेखि मसान्तसम्मै मेहंदी लगाइरहन्छु, हरियो चुरा र हरियो पहिरन लगाउन मन पराउँछु। साउनमा रक्षाबन्धन जस्तो पवित्र पर्व भएकोले मलाई साउन महिना निकै नै मन पर्छ।



### प्रियंका झा (नाटककर्मी एवम् स्क्रिप्ट लेखिका)

साउन लागेपछि मठमन्दिरमा अलि बढी नै चहलपहल हुने भएकाले साउन लाग्यो भनेर मन आनन्दित हुन्छ। भगवानप्रति मेरो आस्था रहेकाले म मठमन्दिरमा पूजा-आजा गरिरहन्छु। भगवानको पूजा गर्दा घरपरिवारमा सुख, शान्ति र समृद्धि छाउने मेरो विश्वास छ। साउन विशेष कार्यक्रमहरूमा पनि सहभागी हुने गरेकी छु। साउन महिनामा कृष्णजन्माष्ठमी पनि पर्ने भएकोले मेरो लागि साउन महिना निकै महत्व राखेको हुन्छ।

### स्मृति मिश्र (कलाकार/गायिका)



साउनभरि म माछा, मासु खानु त परको कुरा हो, छुँदा पनि छुन्न। महिलाका लागि महान पर्व तीज पनि साउनमा नै भएकाले मलाई मनपर्ने महिना हो। साउनको पहिलो दिनदेखि नै सोमबारको व्रत बस्ने, मेहन्दी र हरियो सारी लगाएर कार्यक्रम चलाउने र गीतको रेकर्डिङ्ग गर्छु। म विवाहित भएकाले पति र घरपरिवारको सुख, शान्ति र समृद्धिका लागि व्रत बस्ने गरेकी छु।



### ममता पण्डित (नृत्यकर्मी)

भगवानमा मेरो आस्था छ। साउनमा भगवान शिवजीको पूजाआजा र भक्ति गर्छु। हुन त स्वास्थ्यभन्दा ठूलो केही हुँदैन त्यही भएर खान-पिनमा म निकै ध्यान दिन्छु। शरीर र मन दुवै स्वस्थ भएमात्र व्रत बस्नु उचित हुन्छ जस्तो लाग्छ। त्यसैले स्वस्थ रहनु पहिलो आवश्यकता हो भन्ने म मान्छु। म एउटा रंगकर्मी भएकाले साउनमा हरियो प्रकृतिको प्रतीक मानेर हरियो चुरा, मेहन्दी र मेरो मन पर्ने कलर पनि हरियो नै छ। म फुर्सदका बेला पशुपति दर्शन गर्छु।

### डोली सरकार (नायिका एवम् मोडल)



साउन मेरा लागि एकदम 'स्पेसल' महिना हो। म साउनभरि शुद्ध शाकाहारी हुन्छु। शाकाहारी हुनु हाम्रो पाचन प्रणालीका लागि पनि राम्रो हुन्छ। साउन लाग्नासाथ मलाई मेहन्दी, हरियो चुरा पोते र पोसाक लगाउन मन पर्छ। महिनाभरि श्रद्धापूर्वक पूजा पनि गर्छु र प्रत्येक सोमबार व्रत पनि बस्ने गरेकी छु। राम्रो वर पाऊँ भनेर पनि साउनमा व्रत बस्छु। व्रत बस्दा बिहान पूजापाठ गरी फलाहार गरेर बेलुका सात्विक भोजन खाने गरेकी छु। अरू दिनजस्तै दैनिक आफ्नो काम भने नियमित गर्छु। साउन स्वास्थ्यका लागि पनि उपयुक्त भएको जस्तो मलाई लाग्छ।



### नम्रता कर्ण (पत्रकार, रेडियो नेपाल)

झरी पर्ने महिना हो साउन। त्यसैले कृषिप्रधान हाम्रो देशमा किसानका लागि यो महिना महत्वपूर्ण हुन्छ। साउनमा पूजापाठ, भजन, भगवान शिवको भक्ति धेरै गरिने भएकाले नकारात्मक आसुरी शक्ति परास्त हुन्छन् भन्ने मान्यता छ मेरो। म यो महिनाभर धार्मिक काम सँगसँगै रेडियो नेपालको समाचार वाचिका भएकी कारण बढी व्यस्त हुन्छु। म प्राय:जसो हरेक महिनामा शाकाहारी नै हुन्छु तर साउनमा भने पूर्ण शाकाहारी हुन्छु। परिवारको सुख, शान्ति र सम्वृद्धि होस् भन्ने कामना गर्दै व्रत बस्ने गरेकी छु। साउनमा अलौकिक शक्तिस्वरूप भगवान शिवलाई भक्ति भावले स्मरण गर्छु। यसले हामीमा सकारात्मक ऊर्जा प्रवाह गर्छ भन्ने मेरो विश्वास छ।

### कृष्णा झा (सञ्चारकर्मी तथा कार्यक्रम संचालिका)



साउनले सधैं चाडपर्वको सुरूवात गर्छ। यही छेकोमा विवाहित महिलाले तीजजस्ता पर्व मनाउँछन्। साउनको सुरूवातसँगै नै मैले हरियो चुरा, मेहन्दी, हरियो पहिरन लगाउने गर्छु। मंगलबार पनि म व्रत बस्ने भएकी हुनाले साउनका सबै सोमबार म व्रत बस्दिन्। महिनाको अन्तिममा बस्ने गरेकी छु। साउनमा हरेक सोमबारी पूजाआजा गरिरहन्छु, मठमन्दिर जाने गरेकी छु। व्रत र पूजाआजा भनेको परिवारको र सन्तानको सुखशान्ति र संवृद्धिको लागि गरिने पौराणिक मान्यता अनुसार म पनि गर्दै आइरहेकी छु।

# हुलाकी राजमार्गका लागि भारतद्वारा करिब २४ करोड प्रदान



*हुलाकी राजमार्ग निर्माणका लागि चेक हस्तान्तरण गर्दै नेपालका लागि भारतीय राजदूत मन्जिभसिंह पुरी।*

काठमाडौं। भारत सरकारले नेपालको हुलाकी राजमार्गअन्तर्गतको १० वटा सडक निर्माणका लागि झण्डै २४ करोड रूपैयाँ दिएको छ। भारतले सडक निर्माणका लागि लाग्ने कूल बजेटको २५ प्रतिशत रकम अग्रिम भुक्तानी गरेको हो।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा बुधबार आयोजित एक कार्यक्रमका बीच भारतीय राजदूत मन्जिव सिंह पुरीले मन्त्रालयका सचिव देवेन्द्र कार्कीलाई १४ करोड ८३ लाख ६७ हजार ९ सय ७७ भारतीय रूपैयाँ (२३ करोड ७३ लाख ८८ हजार ७ सय ६३ नेपाली रूपैयाँ)को चेक हस्तान्तरण गरेका छन्।

नेपाल र भारत सरकारबीच हुलाकी राजमार्ग अन्तरगतको १० वटा सडक निर्माण भारत सरकारले गर्ने समझदारी भएको थियो। कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव कार्कीले भारतले हुलाकी राजमार्ग अन्तर्गतको १० वटा सडक निर्माणका लागि २५ प्रतिशत रकम अग्रिम भुक्तानी गरेर सहयोग गरेकोमा आभार व्यक्त गरेका छन्।

उनले भारत सरकारको आर्थिक सहयोगमा संचालित सडक निर्माणको काम समयमै सम्पन्न हुने प्रतिवद्धता पनि व्यक्त गरे। यस्तै, भारतीय राजदूत सिंहले हुलाकी राजमार्ग अन्तरगतका १० वटा सडक निर्माणका लागि सहकार्य गर्ने अवसर पाएकोमा भारत सरकार खुसी रहेको बताए। नेपालको पूर्वाधार विकासमा आवश्यक लगानी गर्न भारत सधैं तयार रहेको पनि उनले बताए।

# 'मधेशी पुत्र-२' पनि निर्माण हुँदै



काठमाडौं। मधेशको राजनीतिक, सामाजिक र सांस्कृतिक घटनाक्रमबारे निर्माण भएको 'मधेशी पुत्र' कथानक चलचित्रको अपार सफलता पछि सिक्वेल 'मधेशी पुत्र-२' निर्माण हुने भएको छ।

मधेशको राजनीतिबारे निर्माण भएको मधेशी पुत्र चलचित्र सम्भवत: मधेशको पहिलो चलचित्र हो। मधेशी पुत्रले मधेशका हलहरूमा अपेक्षा गरेभन्दा बढी नै व्यापार गरेको निर्माताको दाबी छ।

त्यसबाट उत्साहित निर्माताले मधेशी पुत्रको सिक्वेल बनाउन लागेको हो। मंगलबार मधेश मिडिया हाउसमा अनुरागी फिल्मस् प्रा.लि.ले पत्रकार सम्मेलनको आयोजना गरी मधेशी पुत्र-२ को ब्यानर सार्वजनिक गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि तथा निर्देशक समाजकी अध्यक्ष सुचित्रा श्रेष्ठले मधेशी पुत्र-२ ले मधेशको मात्र नभएर समग्र नेपालको समस्याहरू उत्थान गर्ने अपेक्षा गरिन्। उनले हिमाल, पहाड, तराई कोही छैन पराई जस्तै यस चलचित्रलाई सबै नेपालीको माया पाउने आशा व्यक्त गरिन्।

कार्यक्रममा लेखक तथा निर्देशक निराजन मेहता (मन्जित)ले चलचित्रको पृष्ठभूमिबारे प्रकाश पारेका थिए।

मधेशी पुत्र-२ का निर्माता उदित नारायण साह (अरूण), द्वन्द्व निर्देशक एन.बी. महर्जन, नेपाली चलचित्रका निर्देशक जनकराज खकुरेल, सँगीतकार कमल मण्डल, युवा राजनीतिकर्मी प्रवीण लाभ लगायतले आआफ्नो धारणा राखेका थिए। कार्यक्रमको सञ्चालन देव मेहताले गरेका थिए।

## महोत्तरीका इन्जिनियर सम्मानित



काठमाडौं। जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय महोत्तरीका इन्जिनियर देवेन्द्रकुमार झालाई नवराज विष्ट अवार्डबाट मङ्गलबार सम्मानित गरिएको छ।

नेपाल प्रज्ञा प्रतिष्ठानको सभा हलमा नेपाल इन्जिनियर्स एशोसिएसनको ५५औं इन्जिनियर दिवस-२०७४ को अवसरमा प्रधानमन्त्री शेरबहादुर देउवाले उनलाई खादा ओढाएर पदकसहित सम्मानपत्र प्रदान गरेका छन्। नेपालको दुर्गम ग्रामीण क्षेत्रमा सकारात्मक काम गरेर सेवा गरेबापत उनलाई सो अवार्डबाट सम्मानित गरिएको हो। उनले आफ्नो जागिर अवधिका करिब १० वर्ष विकट जिल्लामा रहेर काम गरिसकेका छन्।

## आर्थिक समाचार

### एनआईसी एशिया २०औं वर्षमा प्रवेश




वीरगंज। एनआईसी एशिया बैंक लिमिटेडले आफ्नो सेवाको १९ बर्ष पार गरी २० औं वर्षमा प्रवेश गरेको छ। एनआईसी एशिया बैंक क्षेत्रीय कार्यालय वीरगंजले वीरगंजमा एक पत्रकार सम्मेलनको आयोजना गरि बैंकले सफलतापूर्वक तय गरेको १९ वर्षे यात्रा र यसक्रममा बैंकले दिईरहेको सेवाको बारेमा जानकारी गराईएको थियो। वीरगंजको नगर सभागृहमा आयोजित पत्रकार सम्मेलनमा बैंकका क्षेत्रिय प्रबन्धक शंकर केसी, अधिकृतहरू संतोष साह, आरती मण्डल लगायत बैंकका कर्मचारी एवं स्थानिय संचारकर्मीहरूको सहभागिता रहेको थियो। मोरङ जिल्ला, विराटनगर महानगरपालिकामा १९ वर्ष अघि रजिष्टर्ड कार्यालयको स्थापना गरी मिति २०५५/०४/०५ मा एक क्षेत्रिय बैंकको रूपमा नेपाल ईण्डष्ट्रियल एण्ड कर्मसियल बैंक लि. को नाममा यस बैंकले आफ्नो सेवा प्रारम्भ गरेकोमा मिति २०६४ असोज २ मा स्थापित तत्कालीन बैंक अफ एशिया नेपाल लिमिटेडलाई मिति २०७० अषाढ १६ मा आफुसूग गाभि एनआई सी एशिया बैंक लिमिटेडको रूपमा नेपालको बैंकिङ्ग क्षेत्रमा एक स्थापित एवं सक्षम बैंकको रूपमा यस बैंकले आफ्नो सेवा प्रदान गर्दै आएको छ।

### सेञ्चुरीले हकप्रद सेयर जारी गर्ने

काठमाडौं। सेञ्चुरी कमर्सियल बैंकले यही साउन १६ बाट हकप्रद सेयर जारी गर्ने भएको छ। बैंकले हाल कायम रहेको चुक्ता पुँजीको ४० प्रतिशत अर्थात अंकित मुल्य एक सय रूपैयाँ कायम रहने गरी एक अर्ब ८८ करोड ५४ लाख २५ हजार सात सय रूपैयाँबराबरको एक करोड ८८ लाख ५४ हजार दुई सय ५७ कित्ता हकप्रद सेयर जारी गर्नलागेको हो। सेयर निष्काशन तथा बिक्री प्रबन्धको रूपमा सिभिल क्यापिटल लिमिटेड रहेको बैंकको सेयर बिक्रि कार्य आगामी भदौ १८ गतेसम्म कायम रहनेछ।






मिथिला दर्शन टीभी
कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं